# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३०३ | काठमाडौं | बिहीबार, १५ फागुन २०८१ | Prabhab National Daily | Thursday, February 27, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## विवादैविवादमा एकीकृत समाजवादी

अध्यक्ष कमरेडले महाधिवेशनमा हामीले नेतृत्व पुस्तान्तरणको मुद्दा उठाउँदाको बदला लिनुभयो । त्यो गलत छ । कम्युनिस्ट पार्टीमा वैचारिक संघर्ष हुन्छ । तर, बदला लिने गर्नुहुँदैन ।

**आरती लामा**
**नेता, एकीकृत समाजवादी**

महाधिवेशन हलको भावनालाई विधान र राजनीतिक प्रतिवेदनले सम्बोधन गरेन । जे-जे सुझाव आएको थियो, ती समेटिएनन् । त्यसो हुनाले अध्यक्षको प्रतिवेदन र वरिष्ठ नेताको विधान संशोधनसम्बन्धी जुन प्रस्ताव प्रस्तुत भयो, अहिले पनि म विपक्षमा छु ।

**झलनाथ खनाल**
**सम्मानित नेता**

हामी एउटा विशिष्ट परिस्थितिमा एमालेमा विद्रोह गरेर आयौं र पार्टी गठन गर्‍यौं, जसप्रति सबैको माया छ । सम्मानित नेताले पनि त्यसप्रति चिन्ता प्रकट गर्दै केही सुझाव दिनुभयो, ती सुझावहरु सम्बोधन हुन्छ ।

**वेदुराम भुसाल**
**वरिष्ठ नेता**



- अनेरास्ववियु अध्यक्ष आरती लामा र युवा संघ अध्यक्ष कृष्ण विक हटाइँदा विवाद
- महाधिवेशनमा पुस्तान्तरणको मुद्दा उठाउँदाको बदला नेपालले लिएको आरोप
- अध्यक्ष नेपालले वर्ग सत्रु किटान नगर्दा सम्मानित नेता खनाल असन्तुष्ट

**जेबी योञ्जन**

**काठमाडौं–** अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्वियु)की अध्यक्ष आरती लामा र युवा संघका अध्यक्ष कृष्ण विकले गत असारको तेस्रो साता भएको महाधिवेशनमा नेकपा एकीकृत समाजवादी समाजवादीमा नेतृत्व पुस्तान्तरणको मुद्दा उठाए । घनश्याम भुसाललाई अध्यक्ष बनाउने सन्दर्भमा दुवैले उक्त मुद्दा उठाएका थिए ।

पार्टी अध्यक्षमा माधवकुमार नेपाल र झलनाथ खनालको विकल्प खोज्दै पुस्तान्तरणको मुद्दा लामा र विकले उठाउँदा सबैभन्दा बढी असन्तुष्ट नेपाल थिए । महाधिवेशनबाट भने सर्वसम्मतिमा नेपाल नै अध्यक्ष भए । उनै अध्यक्ष नेपालले हालै अन्तरपार्टी निर्देशन (अपानि) जारी गरे । अपानिबाट अनेरास्ववियु अध्यक्षबाट लामा र युवा संघबाट विकलाई हटाए । दुवैलाई केन्द्रीय समितिमा मनोनीत गरे । एक शब्द नसोधी नेपालले जिम्मेवारीबाट हटाएको भन्दै दुवै असन्तुष्ट छन् ।

लामाले प्रभावसँग भनिन्, 'अध्यक्ष कमरेडले महाधिवेशनमा हामीले नेतृत्व पुस्तान्तरणको मुद्दा उठाउँदाको बदला लिनुभयो । त्यो गलत छ । कम्युनिस्ट पार्टीमा वैचारिक संघर्ष हुन्छ । तर, बदला लिने गर्नुहुँदैन । उहाँले लिनुभयो ।'

गत शुक्रबार र शनिबार बसेको केन्द्रीय समिति बैठकमा लामाले अनेरास्वियु अध्यक्षको जिम्मेवारीबाट हटाएकोमा नेपाललाई प्रश्न गरेकी थिइन् । नेपालले विधि र प्रक्रिया मिचेको आरोप लगाएकी थिइन् । नेकपा एमालेमा अध्यक्ष केपी शर्मा ओली निरंकुश र स्वेच्छाचारी हुँदा त्यसविरुद्ध विद्रोह गरेको तर अहिले अध्यक्ष नेपाल पनि ओलीपथमै अघि बढेको भन्दै आक्रोश पोखेकी थिइन् । लामाको अभिव्यक्तिको प्रतिवाद अशोभनीय ढंगले नेपालले गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

# नयाँ गभर्नरका लागि भागबण्डा मिलाउँदै सत्तारुढ दल

## बालुवाटार-बूढानीलकण्ठ चाहर्दै आकांक्षी

- १८औं गभर्नर बन्ने लाइनमा डेपुटी गभर्नरहरु बमबहादुर मिश्र, नीलम ढुंगाना तिम्सिना, पूर्वअर्थसचिव रामेश्वर खनालगायत दर्जनभन्दा बढीको नाम चर्चामा
- गभर्नरका लागि सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेबीच भागबण्डा हुने आकलन
- आफ्नो पद सुरक्षित गर्न आकांक्षीहरु बालुवाटारदेखि बूढानीलकण्ठसम्म धाउँदै



**प्रभाव संवाददाता**

**काठमाडौं–** आफ्नो कार्यकालमा करिब-करिब 'अ'सफल गभर्नरको ब्याच लगाएर महाप्रसाद अधिकारी बिदामा जाँदै छन् । डा. युवराज खतिवडा अर्थमन्त्री रहेको बेला २०७६ चैतमा अधिकारी नेपाल राष्ट्र बैंकका गभर्नर बनेका थिए ।

देशको मौद्रिक नीति तयार गर्ने र अर्थतन्त्र सुधार्न सरकारलाई सघाउने प्रमुख सल्लाहकारका रूपमा लिइन्छ गभर्नरलाई । तर अधिकारी गभर्नर भएयता देशको आर्थिक अवस्था ओरालो लागेको लाग्यै छ । आर्थिक तरलता चर्किंदो छ, अन्तर्राष्ट्रिय व्यापार घाटा बढेर उकालो लागेको छ । आयात बढ्दा निर्यात बढाउन सकेको छैन । पछिल्लो समय अमेरिकाले दातृ निकाय युएसएआइडीमार्फत दिने अनुदानहरू रोक्का गरेसँगै अर्थतन्त्र थप समस्यामा पर्ने आकलन गरिएको छ ।

यहीबेला नेपाल फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ)को 'ग्रे लिस्ट'मा परिसकेको छ । ग्रे लिस्टमा नपार्न भन्दै गभर्नर अधिकारीको नेतृत्वमा ३० जनाको जम्बो टोली क्यानडाको भ्यान्कयुभरमा गएको थियो । नेपालबारे एफएटिएफलाई रिपोर्ट बुझाउने संस्था एसिया प्यासफिक ग्रुप-एपिजी सम्मेलन २०८० असारको २४ देखि २९ गतेसम्म चलेको थियो ।

क्रमशः पृष्ठ २ मा

### चर्चामा गभर्नरका आकांक्षी

गभर्नर नयाँ नोटमा सही गर्ने व्यक्तिमात्र हैन देशका अर्थतन्त्र सुधार गर्ने नेता पनि हुन् । सरकारको ढुकुटी रहने, बैंकहरूलाई नियमन गर्ने, नयाँ नोट जारी गर्ने र नोटमा हस्ताक्षर गर्ने भएकाले गभर्नर आकर्षक पदको पनि हो । मुलुकको अर्थतन्त्रलाई कुन दिशामा डोर्‍याउने भनेर निर्णायक भूमिका निर्वाह गर्ने भएकाले देशको अर्थतन्त्र ओरालो लागेको बेला सक्षम र सही दिशानिर्देश गर्न सक्ने नेतृत्वको पर्खाइमा छ, राष्ट्र बैंक । तर विडम्बना दलको भागबण्डाले गर्दा अहिले आकांक्षीहरू शीर्ष नेताको घरदैलोमा पुग्न थालेका छन् ।

१८औं गभर्नर बन्ने लाइनमा डेपुटी गभर्नरहरू बमबहादुर मिश्र, नीलम ढुंगाना तिम्सिनादेखि रामेश्वर खनालसम्मको नाम चर्चामा छ । त्यसैगरी नेपाल राष्ट्र बैंकका बोर्ड सदस्य चिन्तामणि शिवाकोटीदेखि गुणकर भट्ट पनि गभर्नर बन्न आकांक्षी देखिएका छन् । उनीहरू अहिले शक्तिकेन्द्र बालुवाटारदेखि बूढानीलकण्ठ धाउन थालेका छन् ।


बमबहादुर मिश्र


नीलम ढुंगाना तिम्सिना


रामेश्वर खनाल

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# युरोप पुर्‍याइदिने नाममा कन्सल्टेन्सीको ठगीधन्दा

## लाखौं असुल्दा पीडितको बिचल्ली, विभाग भन्छ- उजुरी बढ्दा थेग्नै गाह्रो भइसक्यो

- बानेश्वरको सबकुरा प्रालिबाट ७०० जना, ललितपुरको इटू डब्ल्यू कन्सल्टेन्सीबाट ७०० जना, महाराजगञ्जको ब्राइट ड्रिम कन्सल्टेन्सीबाट ७०० जना, शान्तिनगरस्थित कार्की कन्सल्टेन्सीबाट ३०० जना ठगिए, करोडौं रकम उठाएर सञ्चालक फरार
- क्रोएसिया, माल्टा, लक्जम्बर्ग, पोल्याण्डजस्ता युरोपेली देश पुर्‍याइदिने सपना देखाएर प्रतिव्यक्ति १० लाख रुपैयाँभन्दा बढी असुलेर ठगी
- माघ महिनामा विभागमा व्यक्तिगत र कन्सल्टेन्सीबाट भएका ठगीसम्बन्धी ९८५ वटा उजुरी दर्ता

**ममता थापा**

**काठमाडौं–** कन्सल्टेन्सीबाट वैदेशिक रोजगारीका नाममा हुने ठगीधन्दा अनियन्त्रित बन्दै गएको पाइएको छ । शैक्षिक परामर्श सेवा सञ्चालन गर्ने अनुमति लिएर खोलिएका यस्ता संस्थाहरूबाट हुने ठगीका घटना बढ्दै गएको पाइएको हो ।

केही महिनायता रोजगारीका लागि युरोप पठाइदिने नाममा कन्सल्टेन्सीबाट हुने ठगीका घटना बढेका छन् । आकर्षक तलब सुविधामा युरोप पठाइदिने भन्दै प्रतिव्यक्ति दशौं लाख रकम असुलेर सञ्चालक फरार हुने गरेका घटनाले युवाहरू हैरान भएका छन् । हालै मात्र बानेश्वरमा अवस्थित सबकुरा प्रालिले ७०० जना, ललितपुरको इटू डब्ल्यूले ७०० जना, शान्तिनगरमा अवस्थित कार्की कन्सल्टेन्सीले ३०० जना, महाराजगञ्जको ब्राइट ड्रिमले ७०० जनाबाट करोडौं रकम उठाएर सञ्चालक फरार भएका घटना सार्वजनिक भएका छन् । यी घटना कन्सल्टेन्सीको ठगीलाई प्रतिनिधित्व गर्ने केही उदाहरणमात्र हुन् ।

वैदेशिक रोजगार विभागको तथ्यांकमा पनि केही महिनायता कन्सल्टेन्सीका ठगी घटना बढेका देखाउँछ । माघ महिनामा विभागमा व्यक्तिगत र कन्सल्टेन्सीबाट भएका ठगीका जम्मा ९८५ वटा उजुरी परेका छन् ।

क्रमशः पृष्ठ २ मा




### जिल्लाबाटै काम गर्न ऐन संशोधनको तयारी

वैदेशिक रोजगार विभागका अनुसार पछिल्लो समय ठगीका उजुरीहरू बढिरहँदा उपलब्ध साधन स्रोतले धान्न कठिन भएको छ । विभागमा जम्मा चार जना अनुसन्धान अधिकृत छन् तर ठगीको दायरा निकै फराकिलो छ ।

'एउटा व्यक्ति या घटनासँग धेरै एजेन्सी जोडिएका हुन्छन् । यसकारण पनि पीडकलाई समाउन कठिन भएको अवस्था छ,' विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त सुवेदीले भने ।

यसैलाई मध्यनजर गरी वैदेशिक रोजगार ऐनमा संशोधन गरेर प्रहरीबाट घटनाको अनुसन्धान गर्ने र सम्बन्धित जिल्ला अदालतबाट अभियोजन गर्ने विभागको तयारी रहेको उनले बताए । संस्थागत केसहरू विभागले हेर्ने र अन्यको हकमा जिल्लाबाटै काम गर्नेका लागि हालसालै केही नेपाल ऐनमा संशोधनको प्रस्ताव गरिएको विभागले जनाएको छ । संसद्को जारी अधिवेशनबाटै उक्त संशोधन पारित हुनसक्ने सुवेदी बताउँछन् ।

> कतिपय जानजान 'रिस्क' लिन्छन् । युरोप, अमेरिका पठाइदिन्छु भन्यो भने हवात्तै हामफाल्ने प्रवृत्ति छ । विभाग एक्लैले नियन्त्रण गर्न सम्भव छैन, अभिभावक र जाने व्यक्ति स्वयं पनि सजग हुनुपर्छ ।
>
> **गुरुदत्त सुवेदी**
> **निर्देशक, वैदेशिक रोजगार विभाग**




## पृष्ठ १ बाट क्रमशः

## विवादैविवादमा...

उनी त्यसबेला 'बढ्ता बोल्ने ?' भन्दै मुर्मुरिँदै लामामाथि झम्टिए । नेपाललाई महासचिव घनश्याम भुसालले रोके । त्यसपछि बैठकको माहोल नै बिग्रिएको बैठकमा सहभागी एक नेताले बताए । युवा संघको अध्यक्षबाट हटाइएका नेता विकले अराजनीतिक, असंयमित र अशोभनीय ढंगले अध्यक्ष नेपाल लामाप्रति प्रस्तुत भएका बताए । यसपछि नेपालको आलोचना पार्टीपंक्तिबाट भइरहेको छ । नेपाल रक्षात्मक अवस्थामा पुगेका छन् ।

केन्द्रीय समिति बैठकपछि पार्टीमा विवाद पनि झनै चर्किएको छ । सम्मानित नेता झलनाथ खनालसँग अध्यक्ष नेपालको शक्ति संघर्ष चुलिएको छ । खनालले वैज्ञानिक समाजवादको दिशामा अघि बढ्ने सैद्धान्तिक कार्यदिशा पार्टी महाधिवेशनले टुंगो लगाएको सन्दर्भमा नेपाली समाजको अन्तरविरोध दलाल पुँजीवाद भएको भन्दै वर्ग सत्रु किटान गर्नुपर्ने बताउँदै आएका छन् । उनले दलाल पुँजीवादको पक्षपोषक नेपाली कांग्रेस भएको र सोही शक्तिलाई वर्ग सत्रु किटान गर्नुपर्ने बताउँदै आएका छन् । हालै सम्पन्न केन्द्रीय समिति बैठकमा अध्यक्ष नेपालले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा वर्ग सत्रु किटान गरेका थिएनन् । नेपाली समाजको अन्तरविरोध भने दलाल पुँजीवाद भएको उल्लेख गरेका थिए ।

यसबाहेक खनालले वैज्ञानिक समाजवादी कार्यदिशाअनुसारको रणनीति र कार्यक्रमसँगै संगठन संरचना सुधारको योजना अभाव भएको भन्दै नेपालको आलोचना गरेका छन् । पार्टी पनि विधान महाधिवशेनको भावनाअनुरूप नआएको भन्दै खनाल रुष्ट छन् । विधान संशोधन प्रस्ताव वरिष्ठ नेता बेदुराम भुसालले प्रस्तुत गरेका थिए । यसबाहेक प्रतिवेदनमा पनि महाधिवेशनमा प्रकट भएका सुझाव नसमेटिएको भन्दै खनालले प्रश्न उठाएका छन् । प्रतिवेदन नसच्याइए अमान्य हुने खनालले प्रभावसँग बताए ।

'महाधिवेशन हलको भावनालाई विधान र राजनीतिक प्रतिवेदनले सम्बोधन गरेन । जे-जे सुझाव आएको थियो, ती समेटिएनन् । त्यसो हुनाले अध्यक्षको प्रतिवेदन र वरिष्ठ नेताको विधान संशोधनसम्बन्धी जुन प्रस्ताव प्रस्तुत भयो, अहिले पनि म विपक्षमा छु,' खनालले भने ।

नेपालनिकट वरिष्ठ नेता भुसालले भने सम्मानित नेता खनालले केही सुझाव राखेको र सम्बोधन हुने बताए । 'हामी एउटा विशिष्ट परिस्थितिमा एमालेमा विद्रोह गरेर आयौं र पार्टी गठन गऱ्यौं, जसप्रति सबैको माया छ । सम्मानित नेताले पनि त्यसप्रति चिन्ता प्रकट गर्दै केही सुझाव दिनुभयो, ती सुझावहरू सम्बोधन हुन्छ,' उनले भने ।

एकीकृत समाजवादी मा असन्तुष्टि बढेको गत महाधिवेशनबाट हो । महाधिवशेन हलको म्याण्डेटविपरीत केन्द्रीय सदस्यमा मनोनयनसँगै त्यसपछि गरिएको पोलिट ब्युरो र पदाधिकारी निर्वाचनले पार्टीमा असन्तुष्टि बढेको हो । सांसदहरू प्रेम आले, किसान श्रेष्ठ र धनबहादुर बुढा पार्टीमा निष्क्रिय भइसकेका छन् । नेतृ रामकुमारी झाँक्रीसहित ठूलो पंक्ति निराश छन् ।

यहीबेला एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले अध्यादेश पारित गराउन भए पनि एकीकृत समाजवादी विभाजन गराउने मनसायले अध्यादेश ल्याउने चर्चा छ । अर्कातिर, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पार्टी छिट्टै एकीकृत समाजवादी सँग एकता हुने भन्दै हल्ला फैलाएका छन् । यसरी पार्टीमा चुलिएको अन्तरसंघर्ष, त्यसमाथि ओलीले पार्टी फुटाउने र दाहालले एकताको हल्ला फैलाएपछि पार्टीका नेता कार्यकर्ता पूरै अलमलमा परेको एक नेताले बताए ।

■■■

## नयाँ गभर्नरका...

अधिकारी आफूलाई तलबभत्ता ह्वात्तै बढाएर लिने राष्ट्र बैंकको गभर्नरका रूपमासमेत चिनिन्छन् । देशको आर्थिक अवस्थाबारे सही सूचना गभर्नर अधिकारीले नदिँदा अहिलेको अवस्था आएको कतिपय अर्थविद्हरूको तर्क छ । अर्थतन्त्र कमजोर पारेको गभर्नरको टयाग भिरेर अधिकारी बिदा हुँदै गर्दा सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेभित्र नयाँ गभर्नर कसलाई बनाउने भन्ने विषयमा हानथाप सुरु भएको छ । कांग्रेस र एमाले सत्ता सहयात्री दल हुन् । तर गभर्नर अर्थनीति तय गर्ने प्रमुख पद भएकोले पनि समृद्धिको नारा घन्काउँदै चुनावमा होमिएका दुवै दलले आफूनिकट कर्मचारीलाई यो पद दिलाउन चाहेको देखिन्छ ।

नयाँ गभर्नरकाअहिले सत्ताको नेतृत्व एमालेका अध्यक्ष केपी शर्मा ओलीले गरिरहेका छन् । प्रधानमन्त्री ओलीका आर्थिक सल्लाहकार डा. युवराज खतिवडा हुन् । उनकै सिफारिसमा अधिकारी गभर्नर बनेका थिए । यसपटक अर्थमन्त्री पनि एमालेका विष्णु पौडेल छन् । यसकारण एमालेले गभर्नरमा दाबी गरिरहेको छ ।

'जसको नीति, उसको नेतृत्व' यही नारा बोकेर अघि बढेको कांग्रेसले डा. प्रकाशशरण महत अर्थमन्त्री हुँदा गभर्नर अधिकारीबाट सास्ती पाएको थियो । 'त्यसैले पनि कांग्रेसले गभर्नर राख्नुपर्छ भनेर अधिकांश नेताको माग छ,' कांग्रेसका एक पदाधिकारीले भने । गभर्नर नपाएर सरकार छाड्नसम्म पछि नपर्ने ती पदाधिकारी बताउँछन् । यता सरकारको नेतृत्वदेखि अर्थ मन्त्रालय सम्हालेको एमाले पनि अर्थतन्त्रको चाबी भएको निकायको नेतृत्व गुमाउन चाहँदैन । यसका लागि प्रधानमन्त्री ओलीले निर्वाचन आयोगका प्रमुख आयुक्त नेपाली कांग्रेसलाई दिएर भए पनि आफूनिकटलाई गभर्नर बनाउने तयारी गरेका छन् ।

■■■

## चर्चामा गभर्नरका...

कांग्रेसबाट लाइन मिलाउन महामन्त्री गगन थापा, प्रवक्ता डा. प्रकाशशरण महत, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवालाई मनाउनुपर्ने बताइन्छ । यता एमालेबाट प्रधानमन्त्री केपी शर्मा ओलीदेखि डा. युवराज खतिवडासम्मलाई मनाउनुपर्ने छ । यद्यपि अर्थमा विज्ञ भनिएका खतिवडा भने 'राम्रोलाई भन्दा हाम्रोलाई' नियुक्ति दिन लागेकाले आलोचनाको सिकार बन्दै आएका छन् ।

अहिले पार्टी र नेताको मान्छे भन्दा पनि अर्थतन्त्र उकास्न सक्ने पात्र गभर्नर हुनुपर्ने अर्थविद्हरू बताउँछन् । 'सरकारको लक्ष्य राजस्व बढीभन्दा बढी उठाउने र खर्च पनि विकासमा सक्दो गर्ने भन्ने हुन्छ, तर यी दुवै गर्न सकिरहेको छैन,' प्रधानमन्त्रीनिकट एक अर्थविद्ले भने, 'तर चालु खर्च बढेको बढ्यै छ । पुँजीगत खर्च बढाउन सकेको छैन । विकासका काम सुस्त छ । राजस्व उठाउनै सकेको छैन । विकास नभएपछि खर्च गर्न सक्ने कुरै भएन ।'

■■■

## युरोप पुऱ्याइदिने...

विभागसँग कन्सल्टेन्सीको मात्र ठगीको घटनाको यकीन तथ्यांक छैन । तर, उजुरी परेका घटनाको झण्डै ४० प्रतिशत कन्सल्टेन्सीबाट भएका ठगीसम्बन्धी रहेको विभागको भनाइ छ । विभागको उजुरी शाखामा कहिलेकाहीँ एकै दिन १० देखि १५ वटासम्म यस्ता उजुरी आउने गरेका विभागका अधिकारीहरू बताउँछन् ।

शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षासम्बन्धी निर्देशिका, २०७३ अनुसार कन्सल्टेन्सीको मुख्य उद्देश्य उच्च शिक्षाका लागि अन्य देश जानेहरूलाई सहजीकरण गर्नु हो । कन्सल्टेन्सीको दर्ता प्रक्रिया शिक्षा मन्त्रालयअन्तर्गत हुन्छ । आवश्यक काजगातको जोरजाम गरेर फारामसहित बुझाएपछि शिक्षा मन्त्रालयलबाट कन्सल्टेन्सी सञ्चालनका लागि स्वीकृतिपत्र पाउन गाह्रो छैन । विनाकुनै धरौटी दर्ता हुने हुँदा कन्सल्टेन्सीको आवरणमा ठगीधन्दा मौलाएको जानकारहरू बताउँछन् ।

कन्सल्टेन्सीले टिकटकलगायतका सामाजिक सञ्जालको प्रगोग गरी आकर्षक तलब सुविधाको प्रलोभन देखाएर श्रमिकहरू तान्ने अनि पैसा असुलेर फरार हुने गर्दै आएका छन् । क्रोएसिया, माल्टा, लक्जम्बर्ग, पोल्याण्डजस्ता युरोपेली देश पुऱ्याइदिने सपना देखाएर प्रतिव्यक्ति १० लाखभन्दा बढी लिने गरेको भेटिएको छ । लाखौं पैसा फसेपछि वैदेशिक रोजगार विभागदेखि सञ्चारमाध्यम गुहार्न बाध्य भएको पीडितहरू बताउँछन् ।

यता विभागले भने पीडितहरूको चाप बढेका कारण ठगीमा सम्लग्नलाई कारबाहीको दायरामा ल्याउने काममा कठिनाइ भएको बताएको छ । पीडितहरू थामिनसक्नु भएकाले आफूसँग भएको साधन स्रोतले भ्याउन छोडेको विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त सुवेदी बताउँछन् । 'विगतमा ठगी भएर विभागसम्म नआएको पनि हुनसक्छ, तर पछिल्लो दुई-तीन महिनायता कन्सल्टेन्सीबाट भएका ठगीका घटना बढेका छन्,' सुवेदी भन्छन् ।

गएको माघ महिनामा आएका ९०० भन्दा बढी उजुरीमध्ये ४९ वटा घटनामा मिलापत्र भएका छन् । ११ वटा मुद्दा अदालतमा दायर भएका छन् । माघमा मात्रै विभागको मुद्दा तथा अनुसन्धान शाखाले तीन करोड ९५ लाख आठ हजार रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराएको विभागले जनाएको छ । चालु आर्थिक वर्षको साउनमा ९१३, भदौमा ७५४, असोजमा ४४७, कात्तिकमा ४६७, मंसिरमा ६८८ र पुसमा ८९३ वटा व्यक्तिगत र कन्सल्टेन्सीबाट भएका ठगीसम्बन्धी उजुरी परेका छन् । जसअनुसार पछिल्लोपटक सबैभन्दा बढी माघ महिनामा यस्तो उजुरी परेको विभागले जनाएको छ ।

ठगीका घटना न्यूनीकरण गर्न भन्दै विभागले अनुगमन त गर्ने गरेको छ तर त्यो खासै प्रभावकारी देखिँदैन । कन्सल्टेन्सीबाट हुने ठगी भने आफ्नो क्षेत्राधिकारभित्र नपर्ने विभागका निर्देशक सुवेदी बताउँछन् । यस विषयमा व्यक्ति आफैं पनि सजग हुनुपर्ने उनको भनाइ छ । 'कतिपय जानजान रिस्क लिन्छन् । युरोप, अमेरिका पठाइदिन्छु भन्यो भने ह्वात्तै हामफाल्ने प्रवृत्ति छ,' उनी भन्छन्, 'विभाग एक्लैले नियन्त्रण गर्न सम्भव छैन, अभिभावक र जाने व्यक्ति स्वयं पनि सजग हुनुपर्छ ।'


### Public Notice !

*Date of Publication: 2081/11/15*

I am Nivedika Bhim Kumari Sawaden of Panchthar District, old Yangwarak Ga.Pa.Wada No.3, currently residing in Phidim Municipality, Ward No.10, obtained from the District Administration Office of Panchthar Phidim, Na.Pr.No.02-12-72-00014 issued on 2072-05-26, my name is Bhim Kumari Sawaden, but my husband is the son of Moti Lal Kerung, an Indian soldier of Saroj Kerung. No. 9429102 'A' PT No. 0/0834/036/2016 As my name is Bhim Kumari Kerung, Bhim Kumari Sawaden and Bhim Kumari Kerung are not different persons but the same person, it is hereby informed that this public notice is published based on various evidences.

### सूचना !

प्रथमपटक प्रकाशित मितिः २०८१/११/१५

सूचना तथा प्रसारण विभागमा दर्ता नं. ३३५३-२०७८/७९, मिति २०७९/०१/१९ मा दर्ता रहेको गाउँबेसी नेटवर्क प्रालिद्धारा सञ्चालित www.nepalpurbadhar.com नामक अनलाइन पत्रिका यस कम्पनीबाट हस्तान्तरण हुने हुँदा यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८१/१२/१ (१५ दिन) भित्र यस कम्पनीको ठेगाना काठमाडौं महानगरपालिका-३२ काठमाडौंमा, सञ्चालकको मोवाइल नम्बर ९८४७६९१८०१ वा Email Adress: brihaspatig3@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
कोशी प्रदेश, भोजपुर, नेपाल

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/११/१५

यस कार्यालयबाट मिति २०८१/१०/०८ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको बोलपत्रहरूको सूचना अनुसार रितपूर्वक दर्ता भई प्राविधिक तथा आर्थिक प्रस्तावहरूको मूल्यांकन हुँदा तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्विकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रकम रु. (पि.एस. र भ्याट सहित) |
|---|---|---|---|---|
| 1 | IDO/BHO/W/NCB-38/081/82 | Upgrading works of Tallo Tamlung-Deurali Road Salpasilichho- 02, Bhojpur | M/S Bista Nirman Sewa | 25,80,151.35 |
| 2 | IDO/BHO/W/NCB-39/081/82 | Upgrading works of Temkemaiyung Ga. Pa. Nagi Zero Point-Khawa-Pingdada-Pandhare-Sakela Ga.Pa. Jodne Road Bhojpur | M/S Arun Valley Engineering Consult & Builders, Bhojpur | 18,01,033.30 |
| 3 | IDO/BHO/W/NCB-40/081/82 | Upgrading works of Pikhuwa Khola Bridge (Khalde) Approach Road, Temkemayug-06 Bhojpur | M/S Siptuing Builders and Suppliers, Bhojpur | 30,63,837.43 |
| 4 | IDO/BHO/W/NCB-41/081/82 | Upgrading works of Pikhuwa Khola Bridge Approach Road (Taksar-Manebhanjyang Road Bhojpur) | M/S Shree Guru Ganesh Nirman Sewa, Bhojpur | 29,95,054.33 |
| 5 | IDO/BHO/W/NCB-42/081/82 | Upgrading works of Behere Khola Approach Road, Bhojpur | M/S Pashupati Construction, Dhankuta | 32,99,271.80 |
| 6 | IDO/BHO/W/SQ-43/081/82 | Upgrading works of Phalamdhunga Maksahul Nabala (Hatuwagadhi-Aamchowk Antarpalika Jodne Road), Hatuwagadhi Ga.Pa. Bhojpur | M/S Shree Guru Ganesh Nirman Sewa, Bhojpur | 15,82,048.61 |
| 7 | IDO/BHO/W/SQ-29/081/82 | Upgrading of Aamchowk Dummana Didlapu Haikharang Akhuwa Khola Road Kalopatre, Bhojpur | M/S Jalpa Devi Nirman Sewa, Bhojpur | 16,28,722.99 |

कार्यालय प्रमुख


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बिहीबार, १५ फागुन, २०८१

| | |
|---|---|
| मेष | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| वृष | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| मिथुन | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| कर्कट | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| सिंह | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| कन्या | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| तुला | सुखद् समाचारले उत्साह जगाउन छ । |
| वृश्चिक | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| धनु | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| मकर | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| कुम्भ | दिगो कामको जग बसाउन सकिने छ । |
| मीन | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१५ फागुन, २०८१ (२७ फेब्रुअरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३८.४५ | १३९.०५ |
| युरो | १ को | १४४.९५ | १४५.५८ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.१५ | १७५.९१ |
| स्विस फ्रैन्क | १ को | १५४.०७ | १५४.७४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.४७ | ८८.८५ |
| क्यानाडियन डलर | १ को | ९७.५५ | ९७.९७ |
| सिङ्गापुर डलर | १ को | १०३.५९ | १०४.०४ |
| जापानी येन | १० को | ९.२१ | ९.२५ |
| चिनियाँ युआन | १ को | १९.०८ | १९.१६ |
| साउदी अरब रियाल | १ को | ३६.९२ | ३७.०८ |
| कतारी रियाल | १ को | ३७.९८ | ३८.१५ |
| थाई भाट | १ को | ४.१२ | ४.१४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.६९ | ३७.८६ |
| मलेसियन रिङेट | १ को | ३१.३३ | ३१.४७ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७१ |
| स्विडिस क्रोनर | १ को | १३.०१ | १३.०७ |
| डेनिस क्रोनर | १ को | १९.४३ | १९.५२ |
| हङकङ डलर | १ को | १७.८२ | १७.८९ |
| कुवेती दिनार | १ को | ४४८.५५ | ४५०.५० |
| बहराइन दिनार | १ को | ३६७.३८ | ३६८.९७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तस्बिरमा महाशिवरात्रि













१) महाशिवरात्रि तथा २६२औं सेना दिवसका अवसरमा काठमाडौंको सैनिक मञ्च टुँडिखेलमा बुधबार आयोजित विशेष समारोहमा शिव ताण्डव नृत्य प्रस्तुत गर्दै नेपाली सेना ।
२) महाशिवरात्रिका अवसरमा बुधबार जनकपुरधाम उपमहानगरपालिका-१६ स्थित कपिलेश्वरनाथ महादेव मन्दिरमा पूजाअर्चनाका लागि लामबद्ध भक्तजन ।
३) काठमाडौं महानगरपालिका-१६ स्थित तारकेश्वरधाममा बुधबार महाशिवरात्री पर्व मनाउन आएका भक्तजन शिवधुनी जगाउँदै ।
४) भक्तपुरको सूर्यविनायक नगरपालिका-८ सिपाडोलस्थित केदारनाथको शिर डोलेश्वर महादेव मन्दिर परिसरमा महाशिवरात्रि पर्व मनाउन भारतबाट आएका साधुसन्त ।
५) महाशिवरात्रि पर्वका अवसरमा बुधबार पशुपतिनाथ मन्दिरमा पूजा आराधन र दर्शन गर्नका लागि लामबद्ध भक्तजन ।
६) महाशिवरात्रिका अवसरमा बुधबार ध्वजाताका र मालाले सजाइएको पशुपतिनाथ मन्दिर परिसर ।

*तस्बिरहरूः रासस*

## आधारभूत अस्पताल निर्माण

# घोषणा भयो, कार्यान्वयन भएन

■ **राम थापा**

**गण्डकी–** कास्कीको अन्नपूर्ण गाउँपालिकामा १५ शयचाको आधारभूत अस्पताल भवन निर्माण भएको वर्ष दिन भइसक्यो । करोडौं लागतमा बनेको उक्त अस्पताल भवन कहिले सञ्चालन आउने हो कुनै टुंगो छैन । जनशक्ति र उपकरण अभावमा अस्पताल सञ्चालनको योजना अन्योलमा परेको गाउँपालिकाका स्वास्थ्य संयोजक ऋषिराम पौडेलले बताए ।

'तीन जना मेडिकल अधिकृतसहित २० जनाको दरबन्दी तोकिए पनि हामीसँग जनशक्ति छैन, अस्पताललाई चाहिने उपकरण र अन्य स्रोतसाधनको पनि अभाव छ,' उनले भने, 'संघ र प्रदेश सरकारसँग यसबारे ध्यानाकर्षण गराइएको छ, स्थानीय तहले मात्र आधारभूत अस्पताल सञ्चालन गर्न सक्ने अवस्था छैन ।'

भवन निर्माणमा अपुग भएको रकम र केही फर्निचर व्यवस्थापनमा गाउँपालिका आफैंले लगानी गरेको संयोजक पौडेलले बताए । उनले अन्नपूर्णमा मात्र नभएर देशैभरका आधारभूत अस्पतालको समस्या उस्तै रहेकाले अस्पताल सञ्चालनका लागि सरकारले ठोस योजना ल्याउनुपर्ने बताए । सुविधा सम्पन्न भवन बन्ने तर अस्पताल सञ्चालन नहुने स्थितिले जनगुनासो पनि बढ्दै गएको उनको भनाइ छ ।

बागलुङको बडिगाड गाउँपालिकाको केन्द्र ग्वालीचौरको पौदीटारीमा पनि १८ करोड रूपैयाँको आधारभूत अस्पताल भवन सेवा सञ्चालनको पर्खाइमा छ । गाउँपालिका अध्यक्ष गण्डकी थापा अधिकारी उक्त अस्पताल सञ्चालनका लागि प्रदेश र संघ सरकारसम्म धाएको धायै छन् । 'जनशक्ति र उपकरण सहयोगका लागि पहल भइरहेको छ, आश्वासन त आउँछ, तर कार्यान्वयन समयमा हुँदैन,' उनले भने, 'स्रोतसाधन नभई स्थानीय तहलाई मात्र अस्पताल सञ्चालन गर भनेर हामीले कसरी चलाउने ?'

अध्यक्ष अधिकारीले १५ शयचाको उक्त अस्पताललाई पूर्णक्षमतामा सञ्चालन गर्दा वार्षिक पाँच करोड रूपैयाँ सञ्चालन खर्च आउने बताए । उक्त अस्पतालबाट डायलाइसिस सेवा सञ्चालनका लागि स्वास्थ्य मन्त्रालयमा पाँचवटा उपकरण माग गरिएको उनले बताए । 'प्रदेश सरकारसँग एक जना चिकित्सिक माग गरिएको छ, केही जनशक्ति गाउँपालिका आफैंले व्यवस्थापन गर्छौं,' अध्यक्ष अधिकारीले भने, 'बागलुङको पश्चिम भेगका मिर्गौलाका बिरामीलाई लक्ष्य गरी डायलाइसिस सेवा सञ्चालन गर्ने योजना रहेको छ ।'

ग्रामीण क्षेत्रका नागरिकलाई डायलाइसिस सेवाका लागि अहिले पनि सदरमुकामस्थित धवलागिरि अस्पतालको भर पर्नुपर्ने बाध्यता छ । बडिगाडसहित पश्चिम बागलुङका छ स्थानीय तहका ६४ जनाले अहिले बाहिरका अस्पतालबाट डायलाइसिस सेवा लिइरहेको अध्यक्ष अधिकारीले बताए । सरकारले करोडौं खर्च गरेर बनाएका आधारभूत अस्पताल भवनलाई अलपत्र पर्न दिन नहुने उनको भनाइ छ ।

स्थानीय तहको आम्दानीको स्रोत कम हुने भएकाले अस्पताल सञ्चालन र व्यवस्थापनमा चुनौती देखिएको उनले बताए । 'यी अस्पतालको स्तरोन्नतिसँगै दिगो व्यवस्थापन तथा सञ्चालनका लागि तीनै तहका सरकारबीच आपसी सहयोग र सहकार्यको खाँचो छ,' अध्यक्ष अधिकारीले भने, 'हामीले स्वास्थ्य मन्त्रालय र स्वास्थ्य विभागसँग पनि मागपत्र बुझाएका छौं, अस्पताल चलाउन जनशक्ति र उपकरणमा खाँचो छ, स्थानीय तहले मात्र यसलाई धान्न सक्ने अवस्था छैन ।'

अध्यक्ष अधिकारीले संघ सरकारबाट स्थानीय तहलाई आउने समानीकरणतर्फको बजेट कटौती हुँदै जाँदा स्थानीय तहलाई थप आर्थिक भार पर्न गएको बताए । स्वास्थ्य, शिक्षालगायत अत्यावश्यक सेवाका क्षेत्रमा समानीकरणतर्फको बजेट थप्नुपर्ने उनको भनाइ छ ।

गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले नागरिकलाई घरदैलोमै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले हरेक स्थानीय तहमा आधारभूत अस्पताल निर्माणको योजना अगाडि बढेको बताए । 'नयाँ-नयाँ जनस्वास्थ्य समस्या बढ्दै गएका बेला गाउँघरमै आधारभूत तहको अस्पताल चाहिन्छ भनेर यो अवधारणा ल्याइएको भए पनि अस्पताल सञ्चालनको दिगो र प्रभावकारी योजना बन्न सकेको छैन,' उनले भने, 'कतिपय स्थानीय तहमा अस्पताल भवन बनिसकेका छन्, कतिपय अलपत्र परेका छन्, केही निर्माणको चरणमा छन् ।'

मन्त्री पाठकले स्रोतसाधनले भ्याएसम्म आधारभूत अस्पतालहरूलाई जनशक्ति, उपकरण र व्यवस्थापकीय सहयोग गर्न प्रदेश सरकार तयार रहेको बताए । तीनै तहका सरकार मिलेर यी अस्पताललाई व्यवस्थित ढंगले सञ्चालन गर्नुपर्ने उनको भनाइ छ । *रासस*


**Jaimini Municipality**

**Office of Municipal Executive**

**Kushmisera, Baglung**

**Invitation for bids**

**Date of Publication: 27th Feb 2025**

1. Jaimini Municipality, office Kusmisera Baglung invites electronically bids form eligible bidders for the following bids under competitive bidding procedure.

| S.N | Contract ID | Description of works | Estimated Amount | Bid Security | Price of bid Documents |
|---|---|---|---|---|---|
| 1 | JM/BAGLUNG/NCB /07/W/R/2081-082 | Construction of kushmisera Binamare Jaidi Chhisti Sadak | 2602352.21/- | 60,000/- | 3000/- |

2. Addendum(if any), Information on pre-bid meeting, letter of intent, letter of acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO'S website http://www.bolpatra.gov.np/egp and also emailed to the bidders. So the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in national newspaper, whatsoever.
3. For further information's visit PPMO's website htts://www.bolpatra.gov.np/egp or contact to jaimini municipality office.

**Chief Administrative officer**

# Urlabari Municipality

## Office of Municipal Executive

**Urlabari, Morang**

**Koshi Province, Nepal**

## Invitation of Electronic Bids

**Date of Publication: 2081/11/15(27th February 2025)**

1. The Urlabari Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Beautification-Ward5-W-NCB-27-081/82 | Urlabari-5 Pushpnagari Saunadaryikaran, Morang | 1,28,73,422.62 | 2,85,000.00/- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# विजेता बन्ने बाटो बन्द नगर सरकार

फुटबल मैदान होस् या क्रिकेट– नेपाली टोली फाइनलमा पुग्नासाथ नेपालीहरूको अपार प्रेम झल्कन्छ । बुधबार रंगशालामा त्यस्तै प्रेम प्रकट भयो। शिवरात्रि छाडेर फुटबलका फ्यानहरू रंगशाला ओइरिए। 'इन्टरनेसनल वुमन्स् फुटबल'को फाइनलमा नेपालको प्रतिद्वन्द्वी थियो म्यानमार ।

महिला फुटबलको विश्व वरीयताको सूची हेर्ने हो भने म्यानमार ५५औं स्थानमा छ नेपाल १०३औं स्थानमा। वरीयता सूची हेर्दा नै प्रस्ट हुन्छ नेपालले विजेता बन्न पूर्वतयारी र मिहेनत अधिक गर्नुपर्छ। दर्शक नेपाली टोलीले कप उचालेर इतिहास रचेको हेर्न आतुर देखिन्थे । यसैले हरेक हारमा दर्शकले नेपाली व्यवस्थापन र नेताहरूलाई सराप्ने गर्छन् । दर्शकको यो बुझाइ एक हदसम्म ठीक पनि हो । किनभने दलहरूले खेलकुद क्षेत्रको विकासका लागि हरेक चुनावमा आफ्नो घोषणापत्र तयार पार्दा आकर्षक नारा अटाउँछन् । मन्त्री बन्ने बेलासम्म पनि यस्ता चुनावी नारा बिर्सँदैनन्। तर जब मन्त्रालयको नेतृत्व गर्छन्– बजेट नपुगेको भन्दै खेलमा झेल गर्न पुग्छन् ।

खेलका लागि भौतिक संरचना होस् या अभ्यासका लागि खेलाडीलाई बजेट । सरकारले कुनै पनि विषयमा लगानी बढाउन सकेको छैन । एउटा रंगशालाका लागि निजी क्षेत्रबाट चन्दा उठाउनुपर्ने बाध्यता छ। राज्य नै लाग्दा पनि खेल क्षेत्रमा सोचेको विकास भएको छैन निजी क्षेत्रले गर्दा के होला र ? प्रश्न बेलाबेला उठ्छ नै।

तर सरकारले वातावरण बनाइदिने हो, निजी क्षेत्रले लगानी । खेलाडी अन्तर्राष्ट्रियस्तरमा भिड्नका लागि प्रतियोगिताहरू भइरहनुपर्छ । यसले खेलाडी एक त खेलमै आत्मनिर्भर हुन्छन् भने अर्को खेलमा निपुण पनि बन्छन् । देशका लागि खेल्नेहरू अरु काममा लाग्नु नपरे खेलमै कुशल प्रदर्शन गर्न सक्छन् । यसले गर्दा खेलको वरीयता सुध्रन सक्छ। अनि विजेताको कप उचाल्न सक्छ।

नभए बुधबारझैं उपविजेतामै सीमित भएको इतिहास लामो भइसकेको छ । नेपाली फुटबल टोली पटक–पटक परास्त भएको समाचार धेरैपटक आइसकेको छ । वर्षमा एउटा खेल खेलेर नेपाली खेल सुध्रिन्न । यसका लागि सरकारले संरचनाको विकास गर्नुपर्छ । खेलका लागि आवश्यक पूर्वाधारमात्र बनाइदिउ निजी क्षेत्रले खेलहरू बढाउन सक्छन् । दर्शकको गाली नखाने हो भने अबको नेतृत्वले यसबारे आजैबाट सोचेर पूर्वाधार र संरचना बढाउने र खेलमा लगानी बढाउनु अतिआवश्यक देखिन्छ।

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

**१) गन्तव्य मुलुकका दलालहरूबाट होसियार**

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ।

**२. धार्मिक तथा स्थानीय कानुनको पालना**

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ।

**३. आफ्नो सुरक्षा**

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ। काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ। कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ।

**४. काममा लगनशील हुनुपर्ने**

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतया: कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ। याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ।

**५. ठेगाना र सम्पर्क नम्बर**

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ। यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ।

# राजनीतिमा 'अनाशक्त योग' का साधक गान्धीवादी नेता निधि



सञ्जय पन्थी

नेपालको राजनीतिमा गान्धीका अनुयायी भनेर बिपी कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह श्रेष्ठ, महेन्द्रनारायण निधि र रामहरि जोशीलाई स्मरण गरिन्छ । राजनीतिमा लागेर स्वतन्त्रता र न्यायका लागि गान्धीको पदचाप पछ्याएका अग्रजलाई नेपाली समाजले गान्धीवादी नेता भनेर चिन्दछ । नेपालमा अरू पनि गान्धी विचारका अनुयायी र पक्षपाती रहे । तीमध्ये निधिको आदर्श, चरित्र र व्यवहारमा कति गान्धीवादी गुण रह्यो ? निधिको जन्मोत्सवका अवसर पारेर केलाउँदा अन्यथा नहोला । आदर्शनगरी जनकपुरवासी निधिलाई किन, गान्धीवादी भनेर स्मरण गर्छन् ? गान्धीको नेतृत्वमा भारतमा स्वतन्त्रताको प्राप्तिको आन्दोलन चलिरहेको थियो। जयप्रकाश नारायण (जेपी) र राममनोहर लोहिया अग्रमोर्चामा थिए । त्यसबखत विहार पुगेका निधिको लोहियासँग भेट हुँदा लोहियाले भने छन्, 'म मारवाडी भएर राजनीतिमा लागेको छु, तपाईं कायस्थ भएर पनि व्यापारमा ?' लोहियाको उक्त वचनले निधिलाई राजनीतिमा होमिन उत्प्रेरित गर्‍यो।

गान्धीले गोपालकृष्ण गोखलेलाई राजनीतिक गुरु मानेजस्तै निधिले लोहियालाई राजनीतिक गुरु मानेका थिए । निधिका पुत्र एवं नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि 'पिताजीमा गान्धीको आदर्श र विचार मात्र नभएर आजीवन चरित्र पनि कायम रहेको बताउँछन् । गान्धीले जस्तै सत्य र अहिंसाको जगमा राष्ट्र पुनर्निर्माण हुनुपर्छ र त्यो पुनर्निर्माण गाउँबाट सुरु हुनुपर्छ भन्ने महेन्द्रनारायणको बुझाइ थियो। उनले २०५४ वैशाख ३० मा स्थानीय निकायको निर्वाचन दलविहीन प्रतिस्पर्धा हुनुपर्छ भन्दै विज्ञप्ति नै निकालेका थिए। यसअघि पनि उनले पटक-पटक कांग्रेस केन्द्रीय समितिमा गाउँ-गाउँमा दलीय राजनीतिक अभ्यास गर्नु हुँदैन। यसले योग्य मान्छे पाखा लाग्छन् भन्ने कुरा उठाउने गर्थे। गाउँ-गाउँबाट योग्य मान्छे पाखा लाग्दै जाने र दलको झण्डा बोकेका तर अयोग्य मान्छेले स्थानीय सरकारमा प्रतिनिधित्व गर्दै गए भने भोलिको नेपाल कस्तो होला ? भन्ने चिन्ता उनमा थियो।

स्थानीय निर्वाचनको सन्दर्भमा प्रजातन्त्रवादीका हैसियतले गाउँमा दलीय राजनीतिक अभ्यास हुनुहुँदैन। यसलाई समयमै निरुत्साहित गर्न सकेनौं भने भोलि गाउँ, नगर, टोलमा विकासका लागि सोच्ने समाजवादी र विकासप्रेमी योग्य मान्छे पाखा लाग्ने छन् र पार्टीको झण्डा बोकेर भ्रष्टाचार गर्ने गिरोहले समाजलाई गलत बाटोमा लैजाने छ भन्ने उनको बुझाइ थियो । निधिको स्थानीय निकायको निर्वाचन बारेको बुझाइलाई अहिलेसम्म पनि उपहास गरिँदै आएको छ। स्वतन्त्ररूपमा विजयी भएका नगरप्रमुखहरू बालेन्द्र साह, हर्क साम्पाङ, गोपी हमाललगायतका व्यक्तिहरूको कल्पना निधिले उहिल्यै गरेका थिए । निधिले 'भोलि गाउँ, नगर, टोलमा विकासका लागि सोच्ने समाजवादी र विकासप्रेमी योग्य मान्छे पाखा लाग्ने छन् र पार्टीको झण्डा बोकेर भ्रष्टाचार गर्ने गिरोहले समाजलाई गलत बाटोमा लैजाने छन्' भनेको कुरा अहिले छर्लंग भएको छ । पार्टीको झण्डा बोकेर भ्रष्टाचार गर्ने गिरोहले नेपालका पार्टीहरू नै कब्जा गरेको अवस्था छ। वित्तीय अनुशासनमा राज्यका संयन्त्र कमजोर भएका उदाहरणहरू एकपछि अर्को आइरहेका छन्। राजनीतिक नेतृत्वले निधिको जीवनबाट धेरै कुरा बुझ्न र सिक्न आवश्यक छ।

> निधिले 'सादा जीवन, उच्च विचार' सहित त्यागयुक्त जीवन बाँचे । त्यसैले कर्म र व्यवहारले निधि सच्चा गान्धीवादी बने । निष्ठावान् निधि, निर्विकल्प प्रजातान्त्रिक आस्थामा अडिग रहे । पद र प्रतिष्ठाका लागि उनले जीवनभर कसैसँग सम्झौता गरेनन् । सच्चा सत्मार्गीको आत्मा मणिजस्तै शुद्ध र 'स्फटिक' रहन्छ । गान्धीमा जस्तै निधिमा पनि 'स्फटिक' जीवनशैली झल्किन्छ । अन्धभक्त कार्यकर्ताको आत्मप्रशंसामा उनी कहिल्यै रमाएनन् । निधिको १०४औं जन्मोत्सव मनाइरहँदा नेपाली कांग्रेसका नेताले दूरदराजमा रहेका सच्चा शुभचिन्तक र आस्थाका धरोहर मतदाताको अनुहार निधिमा रहेको विवेकको चस्माले हेर्न सक्नुपर्छ । अनिमात्र उनप्रति सच्चा श्रद्धाञ्जली व्यक्त हुने छ ।

गान्धीको आदर्शलाई निधिले जीवनमा उतारेका दृष्टान्त कयौं छन् । गान्धीले 'ग्राम स्वराज'को कल्पना गरेर 'ग्राम पञ्चायत' अवधारणामा स्थानीय निर्वाचन दलविहीन हुनुपर्छ भनेका थिए। २००४ सालमा उनी सत्याग्रहका पक्षपाती रहे भने २०१४ सालमा सत्याग्रही हुँदा गिरफ्तार भए । २०१७ साल पुस १ गते नेपाली राजनीतिमा अवाञ्छित दिनका रूपमा दर्ज छ। यस घटनापछि नेपाली कांग्रेसको पटना सम्मेलनले सशस्त्र आन्दोलन गर्ने निर्णय गर्‍यो। हिंसाको राजनीतिमा असहमति प्रकट गर्दै निधि नेपाल फर्किए। उनमा निहीत अहिंसात्मक आदर्श विचार त्यसबखत पनि प्रकट हुनपुग्यो । निधि भारत प्रवासमै बसेर जोगिन सक्थे वा स्वदेश फर्किएपश्चात् प्रलोभित भएर पद र प्रतिष्ठाको जीवनमा रमाउन सक्थे तर उनीभित्रको निष्ठा र आदर्शले नै गिरफ्तारी दिए।

सत्याग्रहीको आदर्श गुण कायम राख्नुपर्छ भन्ने उनको मान्यता थियो । सत्याग्रहीमा स्वदेशी, अपरिग्रह, निर्भय, आत्मसंयमी र आत्मानुशासनको गुण हुनैपर्छ । त्यो गुण चरित्र र व्यवहारमा प्रकट हुनुपर्छ । सच्चा सत्याग्रही त्यागी, आत्मसंयमी र अपरिग्रही हुनुपर्छ । चारित्रिक एवं नैतिक बल नभई कुनै व्यक्ति सत्यको मार्गमा हिँड्न सक्दैन । सत्यका अनुयायीमा मन, वचन र कर्ममा स्वनियन्त्रण गर्नसक्ने क्षमता रहन्छ। अहिंसा र सत्याग्रहबीच अन्योन्याश्रित सम्बन्ध रहन्छ। उल्लेखित गुणका कारण निधि अहिंसात्मक आन्दोलनका पर्यायी बने । 'साधन शुद्ध नभएसम्म साध्यमा पुग्न सकिँदैन' भन्ने गान्धीको भनाइलाई उनले जीवनभर आत्मसात् गरे।

त्यसबखत नेपालमा पनि अहिंसात्मक आन्दोलन चलाउनुपर्छ भन्ने उनको मान्यता थियो । हिंसालाई पृष्ठपोषण गर्दै पद र प्रतिष्ठाको राजनीति उनले कहिल्यै गरेनन् । त्यसैले वर्तमान पुस्ताले निधिलाई स्मरण गरिरहन्छ। समाजवादी चिन्तक स्व. प्रदीप गिरीका अनुसार नेपाली कांग्रेसको इतिहासमा निधिको त्यो असहमति नै सत्याग्रहको विजारोपण थियो । कालान्तरमा त्यो विमति 'पुष्पित पल्वित' भएर झाँगियो । त्यही असहमतिको जगमा २०४२ सालको सत्याग्रह हुनपुग्यो । २०४२ सालको जगमा २०४६ सालको शान्तिपूर्ण आन्दोलन हुनपुग्यो। उनको आदर्श, चिन्तन र चरित्रमा एकरूपता पाइन्छ।

त्यसबेलाका नेता बिपी कोइराला र सुवर्ण शमशेरसँग पृथक मत राखेर कांग्रेस भएर बाँच्नु कल्पनाबाहिरको विषय थियो। त्यसका निम्ति उच्चकोटीको आत्मबल र नैतिक साहसको खाँचो थियो । 'निधिमा उल्लिखित दुवै गुण रहेको गिरीले लेखेका छन्। बिपी, गणेशमान, किसुनजी, महेन्द्रनारायण, सिके प्रसाईं, योगेन्द्रमान शेरचनलगायतका कयौं नेताहरूको आदर्श र निष्ठाले कांग्रेसको राजनीति तप्त थियो । कांग्रेसका लागि त्यो युग स्वर्णयुग थियो। नेताहरूमा त्याग र समर्पणको उच्च संस्कार थियो। २०१५ सालको पहिलो संसद्मा किसुनजी सभामुख र निधि उपसभामुख बने। राजा महेन्द्रद्वारा प्रजातन्त्रको अपहरणसँगै दुवै जना जेल परे । संयोग दुवै जनालाई नख्खु जेलमा राखियो । दुवै नेता अहिंसाका पक्षपाती थिए । 'जेलमा नै संसद् सञ्चालन गरौं' भन्नेसम्मको छलफल चलाएको स्मरण समकक्षी गान्धीवादी नेता स्व. रामहरि जोशीले एक प्रसंगमा भनेका थिए।

बिपी, गणेशमान, शैलजा आचार्य, केबी गुरुङलगायतका नेता राष्ट्रिय मेलमिलापको नीति अवलम्बन गर्दै २०३३ पुस १६ गते भारतबाट स्वदेश फर्किए । बिपीमाथि राज्य विप्लवका सातवटा मुद्दा थिए । ती मुद्दामा फाँसीको सजायसम्म हुनसक्थ्यो । बिपीमा निहीत सुषुप्त गान्धीवादी गुण त्यसबखत एक्कासि प्रकट भएकामा शुभचिन्तकहरू भयले त्रस्त थिए । बिपी बाँचुञ्जेल निरंकुशताविरुद्ध संघर्षरत रहे। स्वदेशमा रहेर निरंकुशताविरुद्ध संघर्ष गर्नेहरूमा निधि अग्रपंक्तिमा थिए । नि:सन्देह गान्धीका अहिंसात्मक दर्शनलाई उनले जीवनभर अपनाए। निधि आजीवन 'निष्काम कर्मवादी' रहे।

जीवनका कठिन घडीमा पनि आस्थामा विचलित नभई निधि 'अनाशक्त योग'का साधक रहे। कांग्रेस स्थापनाकालदेखि नै निधि अहिंसात्मक राजनीतिका पक्षपाती रहे। जसरी गान्धीले भारतमा हिंसालाई साहारा बनाएनन्, त्यसैगरी, निधिले हिंसाको राजनीतिसँग कहिल्यै सम्झौता गरेनन्। दुर्भाग्य सत्यलाई आचरणमा व्यक्त गर्ने राष्ट्रियताका पक्षपाती निधिले कतिपय अवस्थामा पार्टीभित्रै शंकाको सिकार बन्नुपर्‍यो । २०५१ सालमा गिरिजाप्रसाद कोइरालाले संसद् विघटन गरिरहँदा त्यसलाई रोक्न गणेशमानले निधिलाई प्रधानमन्त्री बनाउन चाहेका थिए। आफ्नो असहमतिका बाबजुद भएको उक्त निर्वाचनमा निधि उम्मेदवार बन्न चाहेनन्। बरु राजनीतिबाट विश्राम लिए । सरलता, सादगी र स्वच्छ छविप्रति उनी सदैव सचेत रहन्थे। पद, पैसा र शक्तिबाट उनी टाढै रहे।

पञ्चायत सरकारले २०२८ सालमा नयाँ शिक्षा लागू गर्दा उनले मातृभाषामा शिक्षाको सुनिश्चित गर्न माग गरेका थिए । साथै, उनले उक्त शिक्षा नीतिको खुलेर विरोध गरे । गान्धीले सन् १९३७ मा बर्धा शिक्षा सम्मेलनमा मातृभाषासहितको शिक्षाको पक्षमा आवाज उठाएका थिए। साथै, आधार भूत तहको शिक्षा राज्यले नि:शुल्क गर्नुपर्ने प्रस्ताव पारित गराएका थिए । भारतको इतिहासमा 'बर्धा एजुकेसन कन्फ्रेन्स'को छुट्टै महत्त्व छ । त्यसैले भन्न सकिन्छ, गान्धी विचार र क्रियाकलापबारे पनि निधिमा गहन अध्ययन र प्रभाव थियो।

निधि २००७ सालको क्रान्तिको सफलतासँगै महोत्तरी जनसरकारको प्रधानमन्त्री बने। पार्टीको सिद्धान्त र विचारलाई व्यवहारमा प्रस्तुत गरे । २०१५ सालको निर्वाचनमा उम्मेदवार बनेर विजयी भए । पहिलोपटक २००४ सालमा जेल परेका निधि जीवनमा १२ पटक जेल परे। संयोग गान्धी पनि जीवनमा १२ पटक नै जेल परेका थिए । पारिवारिक स्रोतका अनुसार निधिका पिता राजेश्वर निधि पनि गान्धीवादी रहेको जानकारी हुन्छ । परिवारका अनुसार राजनीतिमा क्रियाशील रहे पनि निधि कृषि कर्ममा सहभागी हुन्थे । गाउँमा सिँचाइका लागि पैनी, कुलो, नहर बनाउन जुट्थे । गान्धीको आत्मनिर्भरताको सिद्धान्तले उनी निर्देशत रहे । गान्धीले भनेका थिए, 'अन्न, वस्त्र, आरोग्य र शिक्षा' मा आत्मनिर्भर हुनसके दुनियाँमा कसैको 'गुलाम' हुनु पर्दैन।'

निधिले 'सादा जीवन, उच्च विचार'सहित त्यागयुक्त जीवन बाँचे। त्यसैले कर्म र व्यवहारले निधि सच्चा गान्धीवादी बने । निष्ठावान् निधि, निर्विकल्प प्रजातान्त्रिक आस्थामा अडिग रहे । पद र प्रतिष्ठाका लागि उनले जीवनभर कसैसँग सम्झौता गरेनन् । सच्चा सत्मार्गीको आत्मा मणिजस्तै शुद्ध र 'स्फटिक' रहन्छ। गान्धीमा जस्तै निधिमा पनि 'स्फटिक' जीवनशैली झल्किन्छ। अन्धभक्त कार्यकर्ताको आत्मप्रशंसामा उनी कहिल्यै रमाएनन्। निधिको १०४औं जन्मोत्सव मनाइरहँदा नेपाली कांग्रेसका नेताले दूरदराजमा रहेका सच्चा शुभचिन्तक र आस्थाका धरोहर मतदाताको अनुहार निधिमा रहेको विवेकको चस्माले हेर्न सक्नुपर्छ। अनिमात्र उनप्रति सच्चा श्रद्धाञ्जली व्यक्त हुने छ। *रासस*

*(लेखक अहिंसा र गान्धी विषयका अध्येता हुन्)*

## पाठक मञ्च

# हामीलाई बाघबाट बचाइदिनुपर्‍यो

करिब एक हप्तादेखि भक्तपुरको सिपाडोलमा बाघ देखापर्न थालेको छ । यो समस्या हालै पुनः सुरु भएको हो। यो भन्दा अगाडि केही वर्षअघि यस्तो समस्या सुनिन्थ्यो । यस समस्याले गर्दा स्थानीय बासिन्दाहरू चिन्तित भई घाम छँदै ढोका लगाई बस्नुपर्ने बाध्यता देखिएको छ।

जाडो महिना भएको कारण बिहान ६ बजे पनि अँध्यारो नै हुने गर्छ, जसले गर्दा कलेज जाने विद्यार्थीहरू पनि डरैडरमा बस कुरेर बस्न बाध्य छन् । एकान्त बाटो, अँध्यारो वातावरण र बाघको डरले आमाबुबा पनि छोराछोरीलाई बिहान पठाउन त्रसित हुने गर्छन्।

सहरको छेउ भए पनि गाउँको वातावरण भएको सिपाडोलमा घरपालुवा जनावर पनि पालिएका छन् । त्यस्ता घरहरूले अझ बढी बाघको डर भोगेको छ। यस्ता धेरै पीडितमध्ये एक बासिन्दा हुन् रामकला थापा । उनी भन्छिन्, 'घर छोडी माइतघरमा एक्लै खेती किसानी गरी गाइवस्तु पालेर धेरै वर्षदेखि बसिरहेछु। पुरानो माटोको घर भएको कारण ढोका र गोठ पनि खासै दरिलो छैन। त्यही कारण केही महिनाअघि चितुवाले साँझ सबेरै गाईको बाच्छो मार्‍यो अहिले पनि त्यही समस्या दोहोरिँदा यी गाईवस्तु र आफ्नो एक्लो ज्यानको साह्रै माया लाग्छ। वरपर नजिकै घर छैन । यो समस्याले निकै तड्पाइरहेछ।

खानेकुराको हाहाकार भएको कारण बाघले यसरी सताइरहेको अन्य गाउँका बासिन्दाहरूको भनाइ छ । सो बाघ एक्लै नआएर आफ्नो बच्चाहरू पनि ल्याउने गरेको गाउँको स्थानीय बताउँछन्।

मानिस मात्र नभई घरतिर डुल्ने कुकुर पनि यो समस्याले त्रसित छन्। उनीहरूले बस्ने ठाउँ पनि घरबाहिर हुने कारणले गाउको रक्षा गर्ने कुकुरहरू पनि कम देखिन थालेका छन् । यो समस्याले हरेक जीवजन्तुसहित सिपाडोलको बासिन्दालाई तर्साइरहेको छ।

अहिलेको मौसममा खेतबारी खासै गर्मीयाममा जस्तो मकै छरिँदैन। बालीनाली लगाइँदैन। त्यही कारण पनि यस्तो समस्या देखिरहेछ भने मकै छर्ने याममा मकैको बोट झाँगिदा झन् डर बढ्दै जाने समस्या देखा पर्नसक्छ। त्यसैले समयमै यस समस्या रोक्न सके गाउँबासी डराइडराइ बाँच्नुपर्ने थिएन । कि त ती समस्या भोगेका बासिन्दालाई वडाले राहत प्रदान गर्नुपर्‍यो नत्र भने वन्यजन्तु प्रशासनमा गई यसबारे छलफल गर्न निकै जरूरी छ। यस विषयमा सिंगो सूर्यविनायक नगरपालिका, सूर्यविनायक नगरपालिका वडा नं ८ सिपाडोलको ध्यान जान निकै ढिला भइसकेको छ । यस समस्याप्रति वडा समितिले पनि ध्यान पुर्‍याएमा वडाबासीको पीर अलि कम हुने थियो।

- रोजी बस्नेत
सूर्यविनायक नगरपालिका–८,
सिपाडोल, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**त्रिशूल हेर्ने भक्तजनको घुइँचो** | दाङको घोराही उपमहानगरपालिका–५ स्थित पाण्डवेश्वर महादेव मन्दिरपरिसरमा महाशिवरात्रि पर्वको दिन बुधबार विश्वकै अग्लो दाबी गरिएको त्रिशूल हेर्न आएका भक्तजनको घुइँचो। *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# जुम्लाकोटमा क्षयरोगका नयाँ बिरामी पत्ता लगाउन ‘स्क्रिनिङ’ गरिँदै

**जुम्ला–** जिल्लाको जुम्लाकोटमा क्षयरोगका नयाँ बिरामी पत्ता लगाउन तिला गाउँपालिकाले ‘स्क्रिनिङ’ सुरु गरेको छ । स्वास्थ्य शाखाले पालिकाको जुम्लाकोट स्वास्थ्य चौकीमा क्षयरोगका नयाँ बिरामी पत्ता लगाउन निःशुल्क ‘स्क्रिनिङ’ शिविर सञ्चालन गरेको हो ।

विशेषज्ञ स्वास्थ्यकर्मीसहितको टोली मंगलबार तिलाका ग्रामीण स्वास्थ्य चौकीमा पुगेर ‘माइक्रोस्कोपी स्क्रिनिङ’ शिविरमार्फत नयाँ बिरामी तथा पुरानाको अवस्था पत्ता लगाउन खोजपड्ताल अभियान सञ्चालन गरिएको गाउँपालिका स्वास्थ्य शाखाका टिबीरोग सम्पर्कव्यक्ति उत्तम देवकोटाले जानकारी दिए । उनका अनुसार करिब १०८ जनाको स्वास्थ्य जाँच गरिएको छ ।

देवकोटाले भने, ‘रिपोर्ट आउन दुई दिन लाग्ने छ । जनस्वास्थ्य सेवा कार्यालयबाट टिबीरोग हेर्ने स्वास्थ्यकर्मीसहितको टोलीले यहाँका सम्भावित क्षयरोगका बिरामीको स्वास्थ्य जाँच गरेको हो ।’ गाउँपालिकाका स्वास्थ्यकर्मी गाउँमा पुगेर बिरामी पहिचानसहित स्वास्थ्योपचार सेवा र आवश्यक सल्लाह दिन क्षयरोगसम्बन्धी निःशुल्क शिविर सञ्चालन गरिएको उनको भनाइ छ ।

पालिकाभित्र अहिलेसम्म नौ जना नयाँ क्षयरोगका बिरामी फेला परेपछि सबैलाई स्वास्थ्यकर्मीको निगरानीमा औषधि सेवन गराइएको देवकोटाले बताए । क्षयरोग मुक्त पालिका बनाउने उद्देश्यले प्रत्येक वर्ष गाउँमा स्वास्थ्य शिविर सञ्चालन गरी स्थानीयको स्वास्थ्य गरिँदै आइएको उनले उल्लेख गरे ।

क्षयरोग सूक्ष्म जीवाणुको संक्रमणबाट लाग्ने सरुवा रोग हो । स्वास्थ्यप्रति सचेतनाको कमी र गरिबीका कारण नेपालमा यस रोगका बिरामी बढिरहेका पाइन्छन् ।

### तिलामा मदिरा बिक्री तथा सेवन गर्नेलाई कारबाही

जुम्लाको तिला गाउँपालिका-५ ले वडामा मदिरा बिक्रीवितरण गर्ने तथा सेवन गर्नेलाई कारबाही गर्ने भएको छ । वडाभरिमा मदिरा बिक्रीवितरण बढ्दै गएको जनगुनासो आएपछि मंगलबार बसेको वडाका जनप्रतिनिधि, राजनीतिक दलका नेता, समाजसेवी, स्थानीयवासीको संयुक्त बैठकले बिक्रीवितरण तथा सेवनमा रोक लगाएको हो ।

वडाभरिमा मदिरा बिक्रीवितरण गर्ने र खानेलाई कानुनअनुसार जारिवाना तिराउने निर्णय गरिएको वडाध्यक्ष ललित शाहीले बताए । उनले भने, ‘वडाको निर्णय अटेर गर्नेलाई कानुनबमोजिम सजाय हुने छ ।’ वडामा मदिराका कारण विभिन्न किसिमका घटना तथा घरेलु हिंसा बढेको गुनासो आउन थालेपछि उक्त निर्णय गरिएको उनको भनाइ छ ।

२०७९ असार ३१ गते बसेको वडासभाको बैठकले मदिरा तथा जुवातासमुक्त विधेयक पारित गरेको थियो । वडाध्यक्ष शाहीले भने, ‘मदिरा सेवन र बिक्री गर्नेदेखि जुवातास खेल्ने र खेलाउनेलाई सचेत लगाउनका लागि अहिले गाउँबस्तीमा सूचना जारी भइसकेको छ ।’ वडा समिति तथा सम्पूर्ण सरोकार भएका निकायका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजीवी, समाजसेवी, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी, बाल क्लब, युवा क्लब, आमा समूहको संयुक्त बैठकबाट उक्त निर्णाय भएको वडाध्यक्ष शाहीले बताए ।

वडालाई बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक पर्ने ५१ सूचक पूरा गरी अगामी चैतभित्र बालविवाहमुक्त वडा घोषणा गर्नेगरी वडा कार्यालयले कार्य गरिरहेको छ । आगामी २०८२ को असारभित्र बालमैत्री स्थानीय शासन वडा घोषणासमेत गर्नेगरी काम अघि बढाइएको वडाध्यक्ष शाहीले जानकारी दिए । पछिल्लो समय जिल्लामा प्रहरी, प्रशासन तथा स्थानीय तहले आ-आफ्ना क्षेत्र र वडामा मदिरा नियन्त्रण अभियान सञ्चालन गरिरहेका छन् । वडामा मदिरा न्यूनीकरण समिति गठन गरी अभियान सञ्चालन भइरहेका जनाइएको छ ।

# दुई महिनापछि खुले मुस्ताङका विद्यालय, शैक्षिक सत्र सच्याउन माग

■ सुन्दरकुमार थकाली

**मुस्ताङ–** मुस्ताङका सामुदायिक विद्यालयमा पठनपाठन सुरुआत भएको छ । दुई महिना हिउँदे बिदापछि जिल्लाका बारागुङ, घरपझोङ र थासाङ गाउँपालिकाका विद्यालय पुनः सञ्चालनमा आएका हुन् । हिउँदयामको पुस र माघ महिनामा हिमपात र अत्यधिक चिसोले बालबालिकाको शिक्षण सिकाइ क्रियाकलाप प्रभावित हुने तल्लो मुस्ताङका सामुदायिक विद्यालयले विद्यार्थीलाई लामो हिउँदे बिदा दिने गर्दछन् ।

हिउँदयाममा स्थानीय तहका विद्यालयलाई दुई महिना लामो हिउँदे जाडो बिदा दिने गरिन्छ । उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाअन्तर्गतकासामुदायिक, गुम्बा, आमची र संस्थागत विद्यालय भने हिउँदयाममा साविक स्थान छाडेर बेँसीमा झारिने शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख रामेश्वर लामिछानेले जानकारी दिए ।

जिल्लामा ३५ सामुदायिक विद्यालय छन् । गुम्बा, आमची र संस्थागत गरी १२ विद्यालय सञ्चालनमा छन् । जिल्लाका ४७ विद्यालयमध्ये घरपझाङ, थासाङ र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका २४ विद्यालयले बर्सेनि हिउँदे बिदा दिने गरेका छन् । यसरी दुई महिना लामो हिउँदे जाडो बिदा दिएका विद्यालयले फागुनको पहिलो सातादेखि क्रमशः शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिने गर्दछन् । जिल्लामा दुई महिना लामो हिउँदे बिदाका लागि ४५ दिन वार्षिक सरकारी बिदा र १५ दिन सट्टा बिदा गरी ६० दिन विद्यालयको शैक्षिक पठनपाठन स्थगित गरिने जनाइएको छ ।

जिल्लाका तीन स्थानीय तहका सामुदायिक विद्यालयहरू फागुनदेखि क्रमशः शैक्षिक पठनपाठन सञ्चालनमा आएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख लामिछानेले जानकारी दिए । उनका अनुसार विद्यालय खुले पनि जिल्लाबाहिर रहेका विद्यार्थी विद्यालय फर्किन थालेका छन् । घरपझोङ, थासाङ र बारागुङ मुक्तिक्षेत्रका अधिकांश सामुदायिक तथा धार्मिक गुम्बा विद्यालयहरूमा शैक्षिक पठनपाठन सुरु भएको एकाइ प्रमुख लामिछानेको भनाइ छ ।

उनका अनुसार जिल्लाका तीन स्थानीय तहका विद्यालय हिउँदयामको पुस र माघमा विद्यालय पूर्णरूपमा बन्द हुने भए पनि उपल्लो मुस्ताङका विद्यालयले विद्यार्थीलाई हिउँदे बिदा दिँदैनन् । उपल्लो मुस्ताङका विद्यालयले स्थानीय गाउँपालिकाको सिफारिसमा विद्यार्थीलाई घुम्ती कक्षा चलाउन बेँसी स्थान्तरण गर्ने प्रचलन छ ।

चिसोले बालबालिकाको स्वास्थ्यमा असर पर्ने विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालन गर्नसमेत बाधा पुग्ने भएकाले उपल्लो मुस्ताङका विद्यालयहरूले विद्यार्थीलाई पोखराका विभिन्न स्थानमा लगेर शैक्षिक क्रियाकलाप गर्ने गर्छन् । उपल्लो मुस्ताङका विद्यालय जाडो छल्दै घुम्ती कक्षा चलाउन कात्तिकअगावै बेँसीको न्यानो स्थानमा स्थान्तरण गर्ने प्रचलन रहेको लोमान्थाङ गाउँपालिकाका प्रशासन प्रमुख विकास केशीले जानकारी दिए । लोमान्थाङ गाउँपालिकाको तीन सामुदायिक विद्यालयको पोखरामा आफ्नै भवनमा घुम्ती कक्षा चलाउने गरेको उनले बताए ।

यसैगरी उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकाका आठ सामुदायिक विद्यालयमध्ये सात विद्यालयलाई जाडो छल्न बेँसी झारिएको थियो । गाउँपालिकाको घमी आधारभूत विद्यालय भने जाडो छल्न बेँसी नझरी दुईमहिने हिउँदे बिदा दिएको थियो । घमी आधारभूत विद्यालय हिउँदे बिदापछि सञ्चालनमा आएको र बाँकी सात सामुदायिक विद्यालयले घुम्ती कक्षाका रूपमा बेँसीमै रहेको गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिए । लोघेकरका विद्यालय आपसमा अस्थायी मर्ज गरी दुई स्थानमा घुम्ती कक्षा सञ्चालनमा रहेको अध्यक्ष विष्टले बताए ।

तल्लो मुस्ताङका विद्यालय दुईमहिने लामो बिदापछि खुले पनि उपल्लो मुस्ताङका विद्यालय भने गर्मीयाम लागेपछि वैशाखमा साविककै स्थानमा फर्किएर शिक्षण सिकाइ क्रियाकलापलाई नियमित गर्छन् । सरकारले गत वर्षदेखि देशभर शैक्षिकसत्रमा एकरूपता ल्याएपछि हिमाली जिल्लाको शैक्षिक क्रियाकलापमा अप्ठ्यारो पर्दै आइरहेको छ । *रासस*


**सच्याईएको**

मिति २०८१।११।१३ गते प्रकाशित सूचनामा विभिन्न लटको साल दाउरा ३ चट्टा हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।

**श्री राजारानी सा.व.उ.स., तिनाउ-२, पाल्पा ।**

**साउदीमा रोजगार** कम्पनी : ABDULLAH MUHAMMAD ABDULLAH AL-DHAWAYAN FARM

पूर्व स्वीकृति मिति : २०८१/११/१३ | LT. No. 319405 | चलानी नं. ६०२३३५७६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Agriculture Worker | 2 | 0 | 1000 | ३७,०८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २२ गते (6th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

**साउदीमा रोजगार** कम्पनी : COMPANY AL-ANFAQ AL-SAOUDIYA FOR CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/११/१३ | LT. No. 319398 | चलानी नं. ६०२३३५७७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | DRILLING WORKER | 2 | 0 | 1000 | ३७,०८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २२ गते (6th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org

श्रम इजाजत नं. ६१९/०६३/०६४



# Thaha Municipality

## Office Of Municipal Executive

**Indrayanichaur, Makawanpur**

## Invitation for E-Bid

**Date of publication: 27-02-2025 (15-11-2081)**

1. Thaha Municipality invites electronic bids from eligible bidders for the below mentioned works under National Competitive Bidding procedures.
2. The details of the project is as follows:

| Identification no: | Work Description | Total amount with out VAT | Bid security amount (Rs) | Cost of Bidding Document | Bid validity/Bid Bond Validity Period | Last Date of Submission |
|---|---|---|---|---|---|---|
| Rev/Thaha/ 03/081/082 | Collection of tax for export of vegetables, jadibuti, Kawadi and Jibjantu | 51,46,900 | 1,30,000 | 3000 | 90 days/120 days from last date of bid submission | 30-03-2025 12:00 p.m. |

3. The employer has right to accept or reject the bid whatsoever.
**For other details please visit bolpatra.gov.np/egp**

**Chief Administrative Officer**

**Karnali Province Government**
**Ministry of Physical Infrastructure And Urban Development**
**Infrastructure Development Directorate**

# Infrastructure Development Office

**Mugu**

## Invitation for Bid

**IFB No: 3-081/082**
**Date of First Publication: 2081/11/15 B.S (Feb-27, 2025 A.D)**

1. Infrastructure Development Office (IDO), Karnali Province, Mugu invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number/ Name of project | Average Annual construction Turnover (NRS) in Million | Bid Validity & Bid Security Validity Period | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) | Work Experience/ Qalification |
|---|---|---|---|---|---|---|
| 1. | IDO/MUGU/W/ CB/17/2081/082, Upgrading of Humla Karnali Ra Mugu Karnali Nadi Domukh Bata Gamgadhi Nakchelagna Sadak (Gamgadhi-Tarapani Section) | 464 Millions | 120 & 150 days respectively from bid opening date | 13.5 Millions | 20,000.00 | As Per Evaluation Criteria |

2. Information to deposit the cost of bidding document and bid security in bank are as follow respectively:
**Name of the Bank** : Rastriya Banijya Bank, Revenue
**Account Number** : 10000201010006,
**Office Code Number** : 3370163016
**Name of Office** : Infrastructure Development Office Mugu Rajaswo Shirshak (revenue) Number: 14229
**Security Account Number** : 4060100202030000
3. Eligible Bidders may refer complete set of Bid document for further information at Infrastructure Development Office, Karnali Province, Mugu
Telephone No : 087-460308 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp
4. Bidder shall submitting their bids electronically only. Electronic bids must be submitted to the Infrastructure Development office, Mugu electronically through PPMO website http://www.bolpatra.gov.np/egp.

**Office Chief**

# प्रभाव दैनिक

बिहीबार, १५ फागुन २०८१ (Thursday, February 27, 2025)





## 'माग्ने राजा'को छयांकन सुरू

केदार घिमिरे अर्थात् माग्नेबुढाको प्रमुख भूमिका रहेको 'माग्ने राजा' को सुटिङ सुरू भएको छ । बुधबार भक्तपुरको सूर्यविनायकमा पूजा गरी काभ्रेको बल्थलीबाट सुटिङ सुरू भएको हो। केदार घिमिरेको लिड रोल रहेको यो नै पहिलो चलचित्र हो । चलचित्रका निर्देशक ऋषि लामिछाने र निर्माता मुनाल घिमिरे हुन् । चलचित्रमा पटकथा तथा संवाद सामीप्यराज तिमल्सिना र नरेन्द्र मैनालीको छायांकन रहेको छ। आर्यन सिग्देल, वर्षा शिवाकोटी, विल्सनविक्रम राई, शिशिर बाङ्देलजस्ता कलाकारको अभिनय रहने 'माग्ने राजा' मा एउटा गरिबको धनी बन्ने महत्वाकांक्षालाई समेटेर कथा लेखिएको छ ।



# 'डबल ट्रिपल' लिएर आउँदै अशोक शर्मा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र जगतका जाने मानेका हस्ती, आफैमा अबल दर्जाको लोकप्रिय कलाकार, निर्माता, निर्देशक, दर्जनौं सुपर हिट चलचित्रका प्रस्तोता अशोक शर्माको चलचित्र 'डबल ट्रिपल' आगामी दशैंको फूलपातीको दिन रिलिज हुने भएको छ ।

दयाहाङ राई, खगेन्द्र लामिछाने, मिरुना मगर, केकी अधिकारी, राजा राम पौडेल, रामप्रसाद खनाल, विल्सन विक्रम राई, उदय सुब्बा, सुरवीर पण्डित, बुद्धि तामाङ, माओत्से गुरुङ लगायतका लोकप्रिय कलाकारहरूको बेजोड अभिनय रहने छ । किरण शर्मा पौड्याल, कृति शर्मा, अंकित शर्माको निर्माण, अशोक शर्माको निर्देशनमा बन्न लागेको यो चलचित्र 'डबल ट्रिपल' आगामी दशैंको फूलपातीको दिन स्वदेश विदेशमा एकसाथ रिलिज हुने छ ।

अशोक शर्मा र राजेश सिटौलाको कथा पटकथा, सम्भुजीत बास्कोटाको सङ्गीत रहने




उक्त चलचित्रमा मनोज पण्डित स्क्रिप्ट डक्टर, शान बस्न्यात संवाद, आलोक शुक्ला सिनेमाटोग्राफर, नगेन्द्र घिमिरे प्रोडक्सन, राजु किराँती द्वन्द्व, सुनिल छेत्री कोरियो ग्राफर, ट्राइडेन्ट कन्सेप्ट पब्लिसिटिमा रहेका छन् ।

कलाकारहरू सहित अफिसियल एनाउन्समेन्ट गर्ने तयारी भइरहेको यो चलचित्र 'डबल ट्रिपल' अब केही दिन पछि नै शुभ मुहूर्त गरेर छायाङ्कन गर्न थालिने छ । नेपाली चलचित्र जगतमा आउँदै गरेको यो चलचित्र 'डबल ट्रिपल' ले नयाँ इतिहास रच्नेमा कलाकारहरू आशावादी रहेका देखिन्छन् ।

अन्तर्राष्ट्रिय कलाकार मञ्च अमेरिकाका अध्यक्ष समेत रहेका र यस चलचित्रमा पनि अभिनय गर्न गइरहेका लोक दोहोरी क्षेत्रका हस्ती, अग्रज कलाकार रामप्रसाद खनाल भन्छन्- 'मेरा मित्र अशोक शर्मा जो नेपाली चलचित्र जगतका एउटा धुर्ब तारा हुनुहुन्छ वहाँ र वहाँको चलचित्रमा अभिनय गर्न म अमेरिकाबाटै आउँदै छु । दयाहाङ राई, खगेन्द्र लामिछाने, मिरुना मगर, केकी अधिकारी, राजा राम पौडेल, म, विल्सन विक्रम राई, उदय सुब्बा, सुरवीर पण्डित, बुद्धि तामाङ, माओत्से गुरुङ लगायतका लोकप्रिय कलाकारहरूको प्रस्तुतिले चलचित्र सफल हुने कुरामा म ढुक्क छु । चलचित्र 'डबल ट्रिपल' मा अशोक शर्माजी ले जुन कम्बिनेशन बनाउनुभएको छ यो ऐतिहासिक हुने मैले विश्वास लिएको छु ।'

# शुभमुहूर्तसँगै छयांकनमा 'कोशेढुंगा'

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'कोशेढुंगा'को शुभमुहूर्त गरिएको छ । चलचित्र 'पूर्ण बहादुरको सारङ्गी' फेम्ड निर्देशक सरोज पौडेलले निर्देशन गर्ने चलचित्रको महाशिवरात्रिको अवसर पारेर बुधबार शुभमुहूर्त गरिएको हो । निर्देशक, निर्माता, कलाकार र प्राविधिकको उपस्थितिमा मुहूर्त गरिएको हो । च्यासलस्थित सेटमा मुहूर्त सटसँगै चलचित्रको छायांकन आजैबाट सुरु भएको निर्देशक पौडेलले जानकारी दिए ।

करिब एक हप्ता काठमाडौंमा छायांकन गरेपछि निर्माण युनिट बाँकी सिनेमाको सुटिङका लागि स्याङ्जा जानेछ । चलचित्रमा सुरक्षा पन्त, आर्यन सिक्देल, सरोज खनाल, विशाल पहाडी, शेखर चापागाईं, सिरु विष्ट, उद्धव सापकोटा, सन्ध्या राना, सविता रेग्मी,



सविन कट्टेल, विकास खनाललगायत छन् । यो चलचित्रमा लिड रोलमा सुरक्षा पन्त रहने छिन् । महिलाप्रधान चलचित्र रहेको बताइएको छ ।

नरदेवी फिल्मसको प्रस्तुति रहेको चलचित्रमा प्रेविल कँडेल र किशोर अनुरागको निर्माताको रूपमा रहनेछन् । कार्यकारी निर्मातामा दिनेश खड्का रहनेछन् । बाबु श्रेष्ठको डीओपी रहने चलचित्र सुरेन्द्र पौडेलले सम्पादन गर्नेछन् । चलचित्रमा संगीत रिदम कँडेल र आषिश अविरलको रहनेछ । कास्टिङ डिरेक्टर सुवलमणि सापकोटा रहनेछन् । सरोजले निर्देशन गरेको 'पूर्ण बहादुरको सारङ्गी'ले नेपालमा मात्रै करिब ५० करोड ग्रसकलेक्सन गरेको थियो । त्यसैले उनले निर्देशन गरेको यो चलचित्र कस्तो हुनेछ भन्ने धेरैका लागि प्रतिक्षाको विषय बनेको छ । निर्माण पक्षका अनुसार यो चलचित्र २०८२ मा रिलिज हुनेछ ।

# चलचित्र 'हर्ष'को शुभमुहूर्त, आँचलको ठाउँमा वर्षा राउत




■ प्रभाव संवाददाता

**काठमाडौं–** दिवंगत निर्देशक शिव रेग्मीकी भान्जी एकता पौडेलको निर्देशनमा बन्न लागेको फिल्म 'हर्ष'को मुहूर्त गरिएको छ । महाशिवरात्रिको अवसर पारेर बुधबार काठमाडौंको ठमेलस्थित त्रिदेवी मन्दिरमा मुहूर्त गरिएको हो ।

मुहूर्त समारोहमा फिल्मका मुख्य कलाकारहरू खगेन्द्र लामिछाने, वर्षा राउत, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, सुवर्ण थापा, अंशु थापालगायतको उपस्थिति थियो ।

यसअघि फिल्ममा अभिनेत्री आँचल शर्मालाई अनुबन्ध गरिए पनि आँचलको अर्को फिल्म 'जेरी अन टप'को छायांकन सकिन समय लाग्ने भएपछि उनको ठाउँमा वर्षा भित्रिएकी हुन् । उनीसँग निर्माताले मंगलबार लिखित सम्झौता गरेका थिए ।

फागुन १७ गते छायांकन सुरु हुने फिल्मको कथा निर्देशक पौडेलले लेखेकी हुन् । फिल्ममा आलोक शुक्लाको छायांकन तथा वसन्त सापकोटा र एलिश कार्कीको संगीत रहनेछ । यसमा लोकेश बज्राचार्य सम्पादक तथा सुनिल क्षेत्री कोरियोग्राफरको रूपमा छन् । फिल्मको निर्माता प्रसन्न पौडेल र विकास पौडेल हुन् भने कार्यकारी निर्मातामा हिक्मत चोखल छन् ।

'हर्ष'बाट निर्देशनमा डेब्यु गर्न लागेकी एकताले न्यूयोर्क फिल्म एकेडेमीमा फिल्म मेकिङसम्बन्धी अध्ययन गरेकी छन् । आमसञ्चार विषयमा स्नातकोत्तर समेत गरेकी उनले यसअघि केही लघु फिल्म बनाएकी छन् । ई-प्राइम मुभिज र अष्टलक्ष्मी प्रोडक्सन ब्यानरमा बन्न लागेको फिल्मलाई आगामी वर्ष रिलिज गर्ने लक्ष्य राखिएको छ ।

## रंगशाला

### अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिप

# उपाधिनजिक पुगेर फेरि चुक्यो नेपाल, म्यानमार बन्यो विजेता



■ प्रभाव संवाददाता

**काठमाडौं–** लामोसमयदेखि उपाधि हात पार्न नसकेको नेपाली नेपाली राष्ट्रिय महिला फुटबल टिम फेरि एकपटक उपाधि नजिक पुगेर चुकेको छ । दशरथ रंगशालामा सम्पन्न अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिपको बुधबार भएको फाइनल खेलमा नेपाल म्यान्मारसँग २-० गोल अन्तरले पराजित हुँदै उपाधिविमुख भएको हो ।

पहिलो हाफमा पाएका सुन्दर अवसरहरूलाई खेर फाल्दै अग्रता लिने सुनौलो अवसर गुमाएको नेपाल दोस्रो हाफमा सम्हालिन सकेन । खेलको ६२औं मिनेटमा म्यानमारले हानेको बल क्लियर गर्न नसक्दा गोल ब्यहोरेको नेपाल गोल खाएलगत्तै सम्हालिन नसक्दै ६४औं मिनेटमा अर्को गोल खान पुग्यो ।

म्यान्मारका लागि यू पीर खैंगले गोल गरेकी थिइन् भने अर्को गोल नेपालकी गीता रानालाई छुँदै भएको थियो । त्यसपछि पनि नेपालले खेलमा बल आफ्नो पक्षमा राखेर म्यानमारलाई दबाब दिए पनि गोल गर्न नसक्दा उपविजेतामा चित्त बुझाउन पुग्यो ।

योसँगै नेपालले पछिल्लो १५ वर्षमा आफ्नो १३औं फाइनलमा पनि हार बेहोरेको हो । यसअघि १२ फाइनलमा हार्दा नेपालले साफ च्याम्पियसिपको छ वटा फाइनलमा उपविजेतामा चित्त बुझाएको छ । त्यस्तै सन् २०१०, २०१६ र २०१९ को साग गेम्सको स्वर्ण पदकका लागि भएको खेलमा नेपाल भारतसँग पराजित भएको थियो ।

नेपाल साफ च्याम्पियनसिपमा ६ पटक २०१०, २०१२, २०१४, २०१९, २०२२ र २०२४ मा फाइनल खेलेको थियो भने साग गेम्समा ३ पटक २०१०, २०१६ र २०१९मा फाइनल खेलेको थियो । त्यस्तै नाडेज्दा कप २०१९ मा फाइनलमा उज्वेकिस्तानसँग पराजित भएको थियो भने हिरो वुमन्स गोल्डकपको फाइनलमा २०१९ मा म्यान्मारसँग पराजित भएको थियो ।

त्यस्तै वाफ वुमन्सको फाइनलमा २०२४ मा जोर्डनसँग पराजित भएको थियो भने यस पटक इन्टरनेसनल वुमन्स च्याम्पियनसिपमा म्यान्मारसँग पराजित भएको छ । चार देशसम्मिलित प्रयोगितामा नेपालले सुरुका २ खेलमा जित हात पारेको थियो भने लिगको अन्तिम खेलमा म्यानमारसँग २-२ को बराबरी खेलेको थियो । प्रतियोगितामा नेपाल र म्यानमारका साथै लेबनान र किर्गिस्तान पनि सहभागी थिए ।

### सूर्य नेपाल एनपिजिए टुर

# दोस्रो दिन पनि तोरणको अग्रता

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत पाँचौं प्रतियोगिता सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिपको दोस्रो दिन तोरण विक्रम शाही ४-अन्डर ६८ को स्कोरमा शीर्षस्थानमा कायमै रहेका छन् । समग्रमा ११-अन्डर १३३ सहित उनले निरज तामाङलाई ३ स्ट्रोकले पछि पारेका छन् ।

धरानका प्रो निरजले आज दिनकै उत्कृष्ट स्कोर कार्ड निकाले। ५-अन्डर ६७ सहित समग्रमा ८-अन्डर १३६ को स्कोरमा दोस्रो स्थानमा रहे । समग्रमा २-अन्डर १४२ को स्कोर बनाएका टंक बहादुर कार्की र दिनेश प्रजापति तेस्रो स्थानमा उक्लिए । दुवैले समान इभन-पार ७२ मा दोस्रो दिनको खेल सकाए ।

नेपाल नम्बर एक भुवन नगरकोटी, रमेश अधिकारी र जय राम श्रेष्ठ समग्रमा १-अन्डर १४३ सहित संयुक्तरूपमा पाँचौ स्थानमा रहे। भुवनले २-अन्डर ७०, रमेशले १-अन्डर ७१ र जयरामले १-ओभर ७३ को स्कोर दर्ज गरे ।

पहिलो दिनका लिडर तोरणले फ्रन्ट नाइनमा उत्कृष्ट प्रदर्शन गरे । उनले ३-अन्डर ३३ मा फ्रन्ट नाइनको खेल सकाए । पहिलो होलमा बोगी प्रहार गरेपनि दोस्रो, तेस्रो, सातौं र नवौं होलमा बर्डीको सफलता प्राप्त गरे । ब्याक नाइनमा १-अन्डर ३५ को स्कोर निकाले । १०औं र १२ औं होलमा बोगी खेपे पनि तोरणले कम ब्याक गर्दै १३औं, १७औं र १८औं होलमा एक-एक सट बचाए ।

दिनकै उत्कृष्ट स्कोर निकालेका निरजले बोगी रहित खेले । फ्रन्ट नाइनमा ४-अन्डर ३२ को लोभलाग्दो प्रदर्शन गर्दा ब्याक नाइन १-अन्डर ३५ मा सकाए । यो क्रममा उनले ५ होलमा बर्डी प्रहार गरे । तेस्रो होलमा एक




सट बचाएका उनले यसपछि पाँचौं देखि सातौं होलमा लगातार तीन बर्डी प्रहार गरे । यसपछि १२औं होलको बर्डीले ५-अन्डरको स्कोर तयार पार्दै लिडर तोरणलाई दबाब दिएका छन् ।

एमेच्योरतर्फ राष्ट्रिय टिमका खेलाडी राहुन विश्वकर्मा र डिफेन्डिङ च्याम्पियन सदभाव आचार्य इभन-पार १४४ सहित संयुक्त रूपमा शीर्षस्थानमा छन् । आज राहुलले ३-अन्डर ६९ को स्कोर निकाले । दोस्रो, तेस्रो र सातौं होलमा बर्डी प्रहार गरेका उनले आठौं होलमा बोगी खेपे । फ्रन्ट नाइन २-अन्डर ३४ मा सकाए । यसपछि ११औं र १२औं होलमा एक-एक सट बचाए । ४-पारको १४औं होलमा इगलको सफलता प्राप्त गरे । तर १३औं, १६औं र १७औं होलको बोगीले ब्याक नाइन १-अन्डर २५ मा पुरा गरे। सदभावले भने इभन-पार ७२ को स्कोर गरे ।

३६ होलको समाप्तीमा १३-ओभर १५७ स्कोर गरेका २२ प्रोफेसनल र ४ एमेच्योर गरी कुल २६ गल्फरले कट बनाएका छन् । प्रोतर्फ भुवन कुमार रोक्का, प्रदीप कुमार लामा, सुनिल केसी, दीपक मगर, भुबहादुर गुरूङ, बलभद्र राई, धन बहादुर थापा, रवि खड्का, सुरेश तामाङ, शिव राम पौडेल, भीमसेन चौलागाई र राजेन्द्र श्रेष्ठ प्रधानले कट बनाए । एमेच्योरतर्फ राहुल र सदभावसँगै बाबु पौडेल र कवि थापाले कट बनाए ।



लेबनानको बेरुतमा रमजानको पवित्र महिनाका लागि सजावटका सामग्री किन्दै एक महिला । *तस्बिरः सिन्हवा*

# अमेरिकी 'गोल्ड कार्ड' भिसा ५० लाख डलरमा बेच्ने ट्रम्पको घोषणा

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ 'गोल्ड कार्ड' आवासीय अनुमति ५० लाख अमेरिकी डलरमा बिक्री गर्ने योजना सार्वजनिक गरेका छन् । ट्रम्पले परम्परागत ग्रिनकार्डको उच्च मूल्यको संस्करण नयाँ भिसाको बिक्रीले रोजगारी सिर्जना गर्ने र अमेरिकी राष्ट्रिय घाटा कम गर्न प्रयोग गर्न सकिने बताएका छन् ।




'हामी 'गोल्ड कार्ड' भिसा बेच्ने तयारी गरिरहेका छौं । हामी त्यो कार्डको मूल्य करिब ५० लाख अमेरिकी डलर मूल्य राख्ने तयारी गरिरहेका छौं,' ट्रम्पले ओभल अफिसमा पत्रकारहरूसँग भने ।

आफ्नो दोस्रो कार्यकालको पहिलो प्राथमिकता लाखौं गैरकानुनी आप्रवासीलाई देश निकाला गरेका रिपब्लिकन राष्ट्रपति ट्रम्पले नयाँ कार्ड अत्यधिक मूल्यवान् अमेरिकी नागरिकताको मार्ग हुने बताएका छन् । ट्रम्पले भने, 'धेरै मानिसहरू यो देशमा बस्न चाहन्छन्, र उनीहरूले काम गर्न, रोजगारी प्रदान गर्न र कम्पनीहरू निर्माण गर्न सक्षम हुने छन् र यसरी आउने पैसा भएका मानिसहरू हुने छन् ।' करिब दुई हप्ताभित्र कार्डको बिक्री सुरु हुने ट्रम्पले बताए ।

'हामी यी कार्डहरूमध्ये १० लाख बिक्री गर्न सक्षम हुने छौं । हामीले यो सबै काम अमेरिकी कानुनअनुरूप नै गरेका छौं,' ट्रम्पले भने । उनले नयाँ गोल्ड कार्डका लागि सबै आवेदकहरूलाई सावधानीपूर्वक जाँच गरिने बताए । धनी रुसीहरूले पनि आवेदन दिन पाउँछन् कि सक्दैनन् भन्ने प्रश्नमा ट्रम्पले यो सम्भावना रहेको बताए । 'सम्भवतः । म केही रूसी कुलीन वर्गहरूलाई चिन्दछु जुन धेरै राम्रा मानिसहरू हुन् । यो सम्भव छ,' ट्रम्पले भने, 'उनीहरू पहिलेजस्तो धनी छैनन् । मलाई लाग्छ कि उनीहरूले गर्न सक्छन् । मलाई लाग्छ उनीहरूले ५० लाख डलर खर्च गर्न सक्छन् ।'

तीन वर्षअघि मस्कोले युक्रेनमाथि आक्रमण गरेयता थुप्रै रुसी कुलीन वर्गपश्चिमी प्रतिबन्धको चपेटामा परेका छन् । अमेरिकी राष्ट्रपति ट्रम्पले पत्रकारहरूसँग कुरा गर्दै रुसमाथिको प्रतिबन्ध फुकुवा गर्न कुनै न कुनै समयमा सम्भव भए पनि अहिले वार्ताको टेबलमा नरहेको बताए ।

ओभल अफिसमा ट्रम्पको छेउमा उभिएका अमेरिकी वाणिज्यमन्त्री हावर्ड लुटनिकले गोल्ड कार्डको बारेमा भने, 'हामी त्यो पैसा हाम्रो घाटा कम गर्न प्रयोग गर्न सक्छौं ।'

लामो व्यावसायिक करिअरमा होटल र क्यासिनोको शृंखलाबद्ध ब्राण्डिङ गरेका ट्रम्पले नयाँ कार्डको नाम पनि आफ्नो नाममा राख्न सकिने सुझाव दिएका छन् । 'कसैले भन्यो, 'के हामी यसलाई ट्रम्प गोल्ड कार्ड भन्न सक्छौं ?' प्रतिउत्तरमा मैले भनेँ, 'यदि यसले मद्दत गर्छ भने, ट्रम्प नाम प्रयोग गर्नुहोस् ।' *रासस/एएफपी*

# सुडानमा सैनिक विमान दुर्घटना, ४६ जनाको मृत्यु

**पोर्ट सुडान–** सुडानको खार्तुमको बाहिरी इलाकामा रहेको एक आवासीय क्षेत्रमा एउटा सैन्य यातायातको विमान मंगलबार दुर्घटना हुँदा कम्तीमा ४६ जनाको मृत्यु भएको खार्तुमको राज्य सञ्चालित समाचार संस्थाले बुधबार जनाएको छ । उक्त घटनामा कम्तीमा १० जना घाइते भएको जनाइएको छ ।



सेनासम्बद्ध स्वास्थ्य मन्त्रालयले विमानमा सवार १९ जनाको मृत्यु भएको पुष्टि गरेको छ । राजधानीको उत्तरपश्चिममा रहेको ओमदुरमानमा रहेको सेनाको सबैभन्दा ठूलो सैन्य केन्द्र वादी सेडना एयर बेस नजिकै मंगलबार राति एन्टोनोभ विमान दुर्घटनाग्रस्त भएको थियो ।

सन् २०२३ को अप्रिलदेखि अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ) सँग युद्धरत रहेको सेनाले संख्या उल्लेख नगरिकन 'उडान भर्ने क्रममा विमान दुर्घटना हुँदा सैनिक र सर्वसाधारण दुवैको मृत्यु भएको' जनाएको छ । प्रत्यक्षदर्शीहरूले ठूलो विष्फोटको आवाज सुनेको र त्यस क्षेत्रमा थुप्रै घरहरू क्षतिग्रस्त भएको देखेको बताएका छन् । दुर्घटनाका कारण आसपासका क्षेत्रमा पनि विद्युत् आपूर्ति बन्द भएको छ ।

सेनासमर्थित स्वास्थ्य मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'भग्नावशेषमुनि रहेका बाँकी मृत शरीर खोजी कार्य जारी छ ।' आकस्मिक सेवाका कर्मचारीले बालबालिकासहित घाइते सर्वसाधारणलाई नजिकैको अस्पतालमा पुर्‍याएको मन्त्रालयले जनाएको छ । घटनामा परी कम्तीमा १० जना घाइते भएको बताइएको छ ।

एक सैन्य स्रोतका अनुसार दुर्घटनाको पछाडि प्राविधिक खराबी रहेको थियो । 'विमानमा प्राविधिक खराबीका कारण दुर्घटना भएको प्रारम्भिक जानकारी मिलेको छ,' आफूले पाएको तर आफू सञ्चारमाध्यमसँग कुरा गर्ने अख्तियार प्राप्त व्यक्ति नभएकोले नाम उल्लेख नगर्ने सर्तमा ती अधिकारीले एएफपीसँग भने ।

सेना प्रमुख अब्देल फतह अल बुरहान र आरएसएफका पूर्वडेपुटी कमाण्डर मोहम्मद हमादान डग्लोबीच करिब दुई वर्ष लामो द्वन्द्वमा यी घटनाले तीव्रता पाएका छन् । संयुक्त राष्ट्रसंघले सुडानलाई विश्वकै सबैभन्दा खराब मानवीय विपत्तिको रूपमा व्याख्या गरेको द्वन्द्वमा यी दुई नेता प्रतिद्वन्द्वी बनेका छन्, जसका कारण दशौं हजार मानिसको ज्यान गएको छ ।

यस लडाइँले खार्तूम र अन्य प्रमुख सहरहरू तहसनहस पारेको छ, लाखौं मानिसहरू विस्थापित भएका छन् र महत्त्वपूर्ण पूर्वाधारहरू क्षतिग्रस्त भएका छन् । मध्य सुडान र राजधानीमा हालै सेनाले नियन्त्रण लिने प्रयासमा प्रगति भएको तर द्वन्द्व समाधानको कुनै संकेत देखिएको छैन । *रासस/एएफपी*

# एक दशकपछि दक्षिण कोरियाको जन्मदर बढ्यो

**सियोल–** दक्षिण कोरियाको जन्मदर एक दशकपछि गत वर्ष पहिलोपटक बढेको सरकारी तथ्यांकले बुधबार देखाएको छ । दक्षिण कोरिया विश्वको सबैभन्दा धेरै औसत आयु र सबैभन्दा कम जन्मदरमध्ये भएको देशमध्ये एक हो । यो एउटा यस्तो संयोजन हो जसले एक बढ्दो जनसांख्यिकीय चुनौती प्रस्तुत गर्दछ ।



सियोलले महिलाहरूलाई बढीभन्दा बढी बच्चा जन्माउन प्रोत्साहित गर्न र जनसंख्या स्थिर कायम राख्न गर्न अर्बौं डलर खर्च गरेको छ । कोरियाको प्रारम्भिक सांख्यिकीय तथ्यांकअनुसार प्रतिएक हजार व्यक्तिमा जन्मिने शिशुको संख्या दर ४.७ रहेको छ, जसले सन् २०१४ देखि निरन्तर घट्दो जनसंख्याको प्रवृत्ति देखाएको थियो ।

प्रजननदर वा एक महिलाले आफ्नो जीवनकालमा बच्चा जन्माउने औसत संख्या सन् २०२४ मा ०.७५ पुगेको छ । यो सन् २०२३ को ०.७२ को तुलनामा ०.०३ ले बढी हो । 'सन् २०२४ मा दक्षिण कोरियामा दुई लाख ३८ हजार ३०० जनाको जन्म भएको थियो, जुन अघिल्लो वर्षको तुलनामा आठ हजार ३०० (३.६ प्रतिशत) बढी हो,' प्रतिवेदनमा भनिएको छ ।

जनसंख्याको अध्ययनमा जानकारी राख्ने कोरियाली अधिकारी पार्क हचुन जियोङले कोभिड-१९ को महामारीपछि विवाहमा वृद्धि हुनुका साथै जनसांख्यिकीय परिवर्तनमा आएको परिवर्तनका कारण जन्मदरमा वृद्धि भएको बताए । पार्कले एक पत्रकार सम्मेलनमा भने, 'पछिल्लो एक दशकमा कोरियामा ३० वर्षभन्दा माथिका मानिसहरूको संख्यामा उल्लेखनीय वृद्धि भएको छ ।

सियोलका अनुसार सन् २०२४ मा बच्चा जन्माउने औसत मातृ उमेर ३३.७ वर्ष रहेको छ । तर दक्षिण कोरियाको पाँच करोड १० लाख जनसंख्या कायम राख्न आवश्यक पर्ने २.१ जना बालबालिकाभन्दा प्रजनन दर निकै कम छ । सियाटलस्थित युनिभर्सिटी अफ वासिङ्टनको 'इन्स्टिच्युट फर हेल्थ मेट्रिक्स एण्ड इभ्यालुएसन'का अनुसार हालको दर कायम रहे सन् २१०० सम्ममा जनसंख्या करिब आधा भएर दुई करोड ६८ लाख पुग्ने छ ।

### लगातार गिरावट

विशेषज्ञहरूका अनुसार बच्चा हुर्काउने उच्च लागत र सम्पत्तिको मूल्यदेखि प्रतिस्पर्धात्मक समाज कम जन्मदरका धेरै कारणहरूमध्ये प्रमुख कारण मानिन्छन् । यसले राम्रो तलब आउने रोजगारीका अवसरहरू सुरक्षित गर्न गाह्रो बनाउँछ ।

कामकाजी आमाहरूले आफ्नो पेसालाई कायम राख्दै घरको काम र बच्चाको हेरचाहको बोझ व्यवस्थापन गर्नु अर्को प्रमुख कारक भएको उनीहरूको भनाइ छ । दक्षिण कोरियाली सरकारले जन्मदर वृद्धिका लागि नगद अनुदान, 'बेबी सिटिङ' सेवा र बाँझोपनको उपचारमा सहयोग प्रदान गर्दछ । प्रजननदरले अहिलेसम्म आफ्नो दीर्घकालीन गिरावटलाई निरन्तरता दिएको छ ।

मोनाकोपछि विश्वको दोस्रो सबैभन्दा धेरै वृद्ध जनसंख्या दर भएको देशको अपेक्षाकृत कडा अध्यागमन नियमको अर्थ यो हो कि यसले बढ्दो श्रम अभावको सामना गरिरहेको छ । *रासस/एएफपी*

# ट्रम्पले आह्वान गरे मस्कसहितको पहिलो मन्त्रिपरिषद् बैठक

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत महिना पदभार ग्रहण गरेपछि आफ्नो कार्यसूचीलाई अघि बढाउने प्रयासस्वरूप बुधबार पहिलोपटक मन्त्रिपरिषद्को बैठक बोलाएका छन् । अर्बपति समर्थक तथा सल्लाहकार एलन मस्क बैठकमा उपस्थित हुने सरकारी अधिकारीमध्ये एक हुने छन् ।

मस्कलाई अमेरिकी सरकारी दक्षता विभाग (डिओजिई) को निरीक्षण गर्ने जिम्मेवारी दिइएको छ भने उनले हजारौं संघीय कामदारहरूलाई बर्खास्त गर्न खोजेका छन् । ह्वाइटहाउसकी प्रेससचिव कारोलिन लेभिटका अनुसार मस्कसँग मन्त्रीस्तरीय पोर्टफोलियो वा औपचारिक निर्णय गर्ने अधिकारको अभाव भएता पनि उनलाई 'विशेष सरकारी कर्मचारी' र 'राष्ट्रपतिका वरिष्ठ सल्लाहकार' को रूपमा वर्गीकृत गरिएको छ ।

सन् २०२४ को राष्ट्रपतीय चुनाव अभियानका क्रममा ट्रम्पका प्रमुख दाता मस्कमात्र ट्रम्प प्रशासनका विवादास्पद सदस्य भने होइनन् । कोभिड खोपका प्रखर आलोचक रोबर्ट एफ केनेडी जुनियर स्वास्थ्य तथा मानव सेवा मन्त्री, विभिन्न षडयन्त्रको आरोप लागेका गुप्तचर विभागका निर्देशक तुलसी गबार्ड र यौन दुर्व्यवहारको आरोप खेपिरहेका फक्स न्युजका पूर्व प्रस्तोता रक्षामन्त्री पिट हेगसेथले पनि ट्रम्पको मन्त्रिपरिषद्मा रहेका छन् ।

डेमोक्र्याटस्को ट्र्याक रेकर्ड र अनुभवको कमीका कारण आलोचना भएता पनि अमेरिकी सिनेटले ट्रम्पको क्याबिनेटका सबै चयनहरूलाई अनुमोदन गरेको छ । सिनेटमा ट्रम्पको रिपब्लिकन पार्टीको साँघुरो बहुमत छ र केहीभन्दा बढी सिनेटरहरूले ट्रम्पको छनोटको विपक्षमा मतदान गर्न इन्कार गर्नुले पार्टीमा उनको फलामे पकड देखाउँछ । असहमतहरूले धेरै हदसम्म राजीनामा दिएका छन् वा झुकेका छन् ।

सिनेटमा बहुमतका पूर्वनेता मिच म्याककोनेलले केनेडीलाई स्वास्थ्यमन्त्रीको रूपमा अनुमोदन गर्न एक मात्र रिपब्लिकन असहमति व्यक्त गरेका थिए । यो नियुक्तिले चिकित्सा समुदायमा खोपको गलत सूचनालाई बढावा दिने र संक्रामक रोगहरूको अनुसन्धान निलम्बन गर्ने उनको इतिहासलाई लिएर चिन्ता उत्पन्न गरेको थियो ।

ट्रम्पको क्याबिनेटमा नियुक्त भएका केही व्यक्तिहरू अझै पनि सिनेटबाट अनुमोदनको पर्खाइमा छन् । यसमा लेबर सेक्रेटरी तथा पूर्वसांसद लोरी चाभेज-डेरेमर र ट्रम्पको पहिलो कार्यकालको एक भागका लागि साना व्यवसायसम्बन्धी प्रशासनको नेतृत्व गरेकी लिन्डा म्याकमेन रहेका छन् ।

यसैबीच, मस्कले डिओजिईको जिम्मेवारी र कार्यसम्पादनका क्रममा अहिले नै उथलपुथलको सामना गरिरहेका छन् । उनले संघीय सरकारका २० लाख कर्मचारीलाई सामूहिक इमेल पठाएर आफ्नो कामको औचित्य पुष्टि गर्न वा बर्खास्त हुने जोखिमबारे आदेश दिएको केही दिनपछि मंगलबार उनका एकतिहाइ कर्मचारीले विरोधस्वरूप राजीनामा दिएका थिए । *रासस/एएफपी*

# ब्राजिलकी पूर्वराष्ट्रपति रूसेफले अस्पताल भर्ना

**ब्रासिलिया–** ब्राजिलकी पूर्वराष्ट्रपति डिल्मा रुसेफलाई कानमा समस्या देखिएपछि सांघाईस्थित एक अस्पताल भर्ना गरिएको छ । ब्रिक्स समूहले विकासोन्मुख अर्थतन्त्रका लागि स्थापना गरेको बैंकको नेतृत्व गरिरहेकी ७७ वर्षीया अर्थशास्त्री रूसेफको उपचारपछि समस्यामा सुधार भइरहेको केही दिनभित्रै डिस्चार्ज गरिने उनको उपचारमा संलग्न चिकित्सकको टोलीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

रुसेफलाई सन्तुलन नियन्त्रण गर्ने स्नायुमा समस्या आएका कारण फेब्रुअरी २१ मा सांघाई इस्ट इन्टरनेसनल मेडिकल सेन्टरमा भर्ना गरिएको थियो । ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाले रुसेफलाई सन् २०२३ मा सांघाईस्थित न्यु डेभलपमेन्ट बैंक (एनडिबी) को नेतृत्व गर्नेगरी जिम्मेवारीका लागि उनलाई तोकेका थिए ।

रुसेफ सन् २०१० मा लुलाको नेतृत्वमा ब्राजिलको पहिलो महिला राष्ट्रपति बनेकी थिइन् । सन् २०१६ मा उनको दोस्रो कार्यकालमा बजेट कानुन उल्लंघन गरेको आरोपमा महाभियोग लगाइएको थियो । सन् २०१४ मा ब्रिक्स सदस्य राष्ट्र ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकाले गठन गरेको एनडिबीको प्रमुखमा नियुक्त भएपछि लुलाले उनलाई राजनीतिक खिचातानीबाट उन्मादबाट बाहिर ल्याउन मद्दत गरेका थिए ।

ब्राजिलले यस वर्ष ब्रिक्सको आलोपालो अध्यक्षता गरेको छ र जुलाईमा रियो दी जेनेरियोमा सदस्य राष्ट्रहरूको शिखर सम्मेलन आयोजना गर्ने छ । सन् २००९ मा स्थापना भएदेखि नै ब्रिक्स समूहले उल्लेखनीय विस्तार गरेको छ र अहिले यसमा इरान, इजिप्ट र संयुक्त अरब इमिरेट्सजस्ता देशहरू सामेल छन् । *एएफपी*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७१३०० | प्रति तोला – ० | प्रति तोला – १९७० |



**ग्राहकको पर्खाइमा...** | स्याङ्जाको भीरकोट-४ स्थित प्रसिद्ध धार्मिकस्थल छायाँक्षेत्र शिव मन्दिर परिसर बाहिर महाशिवरात्रीलाई लक्षित गर्दै बिक्रीका लागि राखिएको उखु ।

*तस्बिर : तोलाकान्त बगाले/रासस*

# लक्ष्यको तुलनामा निकै कम धान खरिद

■ प्रभाव संवाददाता

**जनकपुरधाम–** नेपाल सरकारको स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय जनकपुरले चालु आर्थिक वर्षमा लक्ष्यको तुलनामा कम धान खरिद गरेको छ । बत्तीस हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य रहेको थियो । तर पाँच हजार तीन सय ४६ क्विन्टल धानमात्र खरिद गर्न सकेको सो कार्यालयले जनाएको छ । कार्यालयबाट प्राप्त विवरणअनुसार तोकिएको लक्ष्यको तुलनामा २६ हजार छ सय ५४ क्विन्टल धान कम खरिद गरेको जनाइएको छ ।

तोकिएको समर्थन मूल्यभन्दा बजार मूल्य अत्यधिक रहेकाले किसानले आफ्नो उत्पादन त्यहाँ बिक्री नगरेर निजी क्षेत्रका बजारमा बिक्री गरेकाले लक्ष्यअनुसार धान खरिद नभएको सो कार्यालयका प्रमुख देवेन्द्र राईले बताए ।

सरकारले प्रतिक्विन्टल रू तीन हजार पाँच सय ८० का दरले धान खरिद गर्न निर्देशन दिए पनि बजारमा करिब रू चार हजार प्रतिक्विन्टलका दरले किसानले धान बिक्री गरेकाले सो कार्यालयले धान खरिद गर्न नसकेको उनले जानकारी दिए । सो कार्यालयले लक्ष्यप्राप्त गर्न चारवटा सहकारी संस्थासँग धान खरिद गर्ने सम्झौता गरे पनि किसान नआएकाले सो लक्ष्य प्राप्त नभएको सो कार्यालयका कर्मचारीले बताएका छन् ।

जनकपुरको मुजेलियामा रहेको कार्यालयले कार्यालय हाताभित्र धान खरिदका लागि काँटा (धान खरिद केन्द्र) मङ्सिर २४ गतेदेखि सुरू गरेको थियो । धनुषाका किसानबाट कार्यालयले यस वर्ष ३२ हजार क्विन्टल सोना मन्सुली धान खरिद गर्ने सूचना जारी गरेको थियो । कार्यालयका प्रमुख राईले यस वर्ष धनुषाका किसानबाट सोनामन्सुली प्रतिक्विन्टल रू तीन हजार पाँच सय ८० का दरले सो धान खरिद गर्ने सरकारले समर्थन मूल्य तोकेको थियो ।

धनुषाका सम्बन्धित स्थनीय तहको कृषि शाखाको सिफारिसमा तथा किसानले धान बिक्री गर्न ल्याउँदा धान सफा गरी कार्यालयले तोकेको मापदण्डअनुसारको हुनुपर्ने तथा धान बिक्रीको भुक्तानी चेकमार्फत हुने कार्यालयद्वारा जारी सूचनामा जनाइएको थियो । तर पटकपटक सूचना जारी गरे पनि किसान धान बिक्रीका लागि नआएको उनले भने ।

कृषि ज्ञान केन्द्र कार्यालय धनुषा जनकपुरधामका अनुसार जिल्लामा यस वर्ष ४१ हजार पाँच सय ६६ हेक्टर क्षेत्रफलमा एक लाख ६६ हजार दुई सय ६० मेट्रिक टन धान उत्पादन भएको थियो । यसअघि सो कार्यालयको धान खरिदका लागि धनुषाका प्रमुख जिल्ला अधिकारी राजुराम कडरियाको अध्यक्षतामा जिल्ला प्राथमिक धान खरिद समितिको सम्पन्न बैठकबाट धान खरिद प्रक्रिया सुरू गरेको प्रमुख राईले जानकारी दिए । यस वर्ष सो कार्यालयले गहुँ खरिद गर्ने योजना बनाएको छ ।

# चार जिल्लाका ९१ समूहका किसानलाई तीन करोड अनुदान

■ प्रभाव संवाददाता

**म्याग्दी–** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले चार वटा जिल्लाका ९१ वटा कृषि फार्म, सहकारी र समूहलाई यस वर्ष करिब रू तीन करोड अनुदान वितरण गर्ने भएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले म्याग्दी, मुस्ताङ, पर्वत र बागलुङ जिल्लामा लागू भएको स्याउ, सुन्तला, आलु, च्यांग्रा र बंगुरको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) मार्फत अनुदान पाउने लाभग्राही छनोट गरेको हो ।

सार्वजनिक सूचना जारी गरेर प्राप्त भएका आवेदनहरूको स्थलगत अध्ययन गरि प्राविधिक समितिको बैठकले छनोट गरेका लाभग्राहीसँग जोमसोम र बेनीमा रहेको परियोजनाको कार्यालयमा सम्झौता गर्न थालिएको परियोजनाका प्रमुख भरतराज गौतमले बताए ।

कृषि तथा पशुजन्य बस्तुको उत्पादन वृद्धिका लागि खेती विस्तार, यान्त्रिकरण, साना सिँचाइ, भण्डारण र बजारीकरणसम्बन्धी कार्यका लागि प्रस्तावित परियोजनाका लागि ५० देखि ८५ प्रतिशतसम्म अनुदान उपलब्ध गराइने उनले बताए । मुस्ताङको पाँच वटा स्थानीय तहमा लागू भएको च्यांग्रा जोन कार्यक्रममार्फत दुई वटा शीर्षकमा ११ र आलु जोनमा आवद्ध १३ वटा संस्था तथा फार्मले रू ३४/३४ लाख अनुदान पाउने भएका छन् ।

स्याउ जोनमार्फत ४२ वटा फार्म तथा संस्थालाई रू एक करोड ४६ लाख अनुदान प्रदान गरिने परियोजनाका प्राविधिक गणेश जिसीले बताए । सिँचाइ पूर्वाधार निर्माण तथा सम्भार कार्यक्रममार्फत २२ वटा संस्था तथा फार्मालाई अधिकतम रू दुई लाखका दरले अनुदान दिन छनोट गरिएको छ । म्याग्दीको बेनी नगरपालिका, मंगला, मालिका, पर्वतको जलजला गाउँपालिका र बागलुङ नगरपालिकामा लागू भएको सुन्तला जोन कार्यक्रमबाट १८ वटा संस्था तथा फार्मलाई रू ५५ लाख अनुदानका लागि छनोट गरिएको परियोजनाले जनाएको छ ।

रघुगंगा, अन्नपूर्ण गाउँपालिका र बेनी नगरपालिकामा लागू भएको आलु जोनबाट छ वटा समूहलाई रू १९ लाख र बंगुर जोनमार्फत एक वटा फार्मलाई पाँच लाख अनुदान दिन छनोट गरिएको छ । किसानलाई मागको आधारमा विभिन्न कृषि औँजार र उपकरण पनि उपलब्ध गराउने कार्यक्रम रहेको परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले बताए ।

## भारतीय केराले नेपाली केराको बजार प्रभावित

**चितवन (प्रस)–** भारतीय केराको आयातले यहाँ उत्पादित केराको बजारलाई प्रभावित बनाएको छ । भारतबाट वैध र अवैध दुवै रूपमा भित्रिएको केराले बजार प्रभावित बनाएको हो । चितवन केरा उत्पादक संघका अध्यक्ष माधव घिमिरेका अनुसार अहिले यहाँको केरा बजारीकरणका लागि तयारी अवस्थामा छन् । बजारमा भारतीय केराले स्थान पाउँदा यहाँको उत्पादनले सहजै बजार पाउन कठिन भएको उनले बताए ।

भारतमा ठूला र चिल्ला केरा उत्पादन हुने हुँदा यहाँका केराको तुलनामा भारतीय केरामा ग्राहकको आँखा पर्ने गर्दछ । नेपालको बजारमा ४० प्रतिशत केरा भारतबाट आउने गर्दछ । थोरै केरामात्र भन्सार तिरेर आउने गरेको भए पनि धेरै अवैध रूपमा भित्रने अध्यक्ष घिमिरेको दाबी छ ।

उनले भने, 'कृषिको अरू उत्पादन सहज आउन रोक्दा केरालाई सरकारले रोक्दैन ।' केरा आयातमा रोक लगाइएमा नेपालमा आत्मनिर्भर हुनसक्ने गरी उत्पादन गर्न सकिने उनको भनाइ छ। देशकै सबैभन्दा बढी केरा उत्पादन हुने चितवनमा तीन हजार दुई सय हेक्टर हाराहारीमा केरा खेती हुँदै आएको छ । यहाँका सात सय बढी किसान केराखेतीमा संलग्न छन् । हरियो केरा, चिनी चम्पा, माल्भोग जातका केरा व्यावसायिक रूपमा लगाइएको छ ।

# नेष्डो लघुवित्तले बोलायो साधारणसभा

**काठमाडौं (प्रस)–** नेष्डो लघुवित्तले लाभांश प्रस्ताव पारित गर्न चैत १० गते वार्षिक साधारण सभा बोलाएको छ । सभामा कम्पनीले १४.७५ प्रतिशत बोनस सेयर र कर तिर्न ०.२५ प्रतिशत नगद गरी कुल १५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव सभामा पेश गर्नेछ ।

बोनस सेयर बितरण पश्चात कम्पनीको चुक्ता पुँजी वृद्धि हुने भएकोले प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्ताव पनि रहेको छ । त्यस्तै, सभाले गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन, नाफा-नोक्सान हिसाब, नगद प्रवाहलगायत विवरणमा छलफल गरी पारित गर्नेछ ।

चालु आर्थिक वर्षका लागि लेखापरीक्षकको नियुक्ती गर्ने एजेन्डा पनि छ । सभा प्रयोजनका लागि कम्पनीले फागुन २८ गते बुक क्लोज गर्ने बैंकले जानकारी गराएको छ । तसर्थ, फागुन २७ गतेसम्म कायम रहने सेयरधनीले मात्रा सभामा भाग लिन र प्रस्तावित लाभांश पाउन सक्नेछन् ।

**लागूऔषध प्रयोग नगरौं**

**लागूऔषधको सेवनले,**

- मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर गर्छ,
- परिवार, साथीभाइ र आफन्तसँग सम्बन्ध बिग्रन सक्छ,
- सामाजिक सम्मानमा गिरावट ल्याउँछ,
- सामाजिक अपराध र विकृति बढ्छन्,

त्यसैले,

**लागूऔषधको उत्पादन, सञ्चय, ओसारप्रसार बिक्रीवितरण तथा सेवन नगरौं र गर्न नदिऔं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

# बिवाइडीको हाइ-टेक सप्ताह सुरु

■ विविशा पौडेल

**काठमाडौं–** नेपालमा बिवाइडी गाडीको आधिकारिक बिक्रेता साइमेक्स इंक प्रालिको आयोजनामा 'बिवाइडी हाइ-टेक सप्ताह' सुरु भएको छ । बानेश्वरस्थित एभरेस्ट होटलमा बुधबारबाट उक्त प्रदर्शनी सुरु भएको हो ।

पाँच दिनसम्म चल्ने सप्ताहमा बिवाइडी समूहका चार ब्राण्डहरू- बिवाइडी, डेञ्जा, याङवाङ र फाङचेङबाओका नयाँ मोडलहरू प्रदर्शन गरिने आयोजकले जानकारी दिएको छ । प्रदर्शनीमा याङवाङ ब्राण्डका यू-८ प्लग इन हाइब्रिड एसयुभी, डेञ्जा डी-९ एमपिभी र बिवाइडीको शार्क पिकअपजस्ता अत्याधुनिक प्रविधियुक्त सवारीसाधन समावेश गरिएका छन् ।



कार्यक्रमको पहिलो दिन बुधबार पत्रकारहरूका लागि र दोस्रो दिन आज बिहीबार विद्यार्थीहरूलाई अवलोकनका लागि विशेष समय छुटचाइएको आयोजकको भनाइ छ ।

साइमेक्स इंककी प्रबन्ध निर्देशक यमुना श्रेष्ठले प्रदर्शनीमा बिवाइडीका विभिन्न मोडलहरूमा प्रयोग भएका नवीनतम् प्रविधिहरू र तिनका क्षमताहरूको प्रत्यक्ष अनुभव गर्न सकिने बताइन् । यस अवसरमा बिवाइडीले आफ्नो प्लेटफर्म पनि प्रस्तुत गर्ने छ, जसले गाडीहरूको सुरक्षा, बुद्धिमत्ता, सौन्दर्य, र कार्यक्षमतामा सुधार ल्याएको उनको भनाइ छ ।

साथै प्रदर्शनीले नेपाली अटोमोबाइल पारखीहरूलाई बिवाइडीको भविष्य प्रविधि र उत्पादनहरूको प्रत्यक्ष अनुभव प्रदान उनी बताउँछिन् । उनले भनिन्, 'प्रदर्शनीमा विश्व अटोमोबाइल क्षेत्रमा प्रयोग भइरहेका भविष्यवादी र अत्याधुनिक प्रविधिहरूको बिवाइडीका गाडीहरूमा भएको नवीनतम् प्रयोगहरूको अवलोकन पनि गर्न सकिने छ ।'

नेपाली बजारमा इलेक्ट्रिक भेहिकलमात्र बिक्री गरिरहेको बिवाइडीले यस प्रदर्शनीमा 'डिएम आई प्लग-इन हाइब्रिड पावरट्रेन' भएका गाडीहरू पनि प्रदर्शनमा राखेको छ । यसले नेपाली उपभोक्ताहरूलाई बिवाइडीका नवीनतम् प्रविधि र उत्पादनहरूको विस्तृत जानकारी प्रदान गर्ने आयोजकले जनाएको छ । हाइ-टेक सप्ताहले नेपालमा विद्युतीय सवारीसाधन र नवीन प्रविधिहरूको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ